**दूषित पानीका कारण हुने रोगप्रति सजग रहौं:**

- फोहर पानी पिउनाले झाडापखाला, हैजा, टाइफाइड, आउँ, जन्डिसजस्ता रोग लाग्न सक्छन् ।

त्यसैले:

- खोला, धारा वा मूलको पानी सीधैं नपिऔं ।
- पानी उमालेर मात्र पिऔं ।
- उमाल्न सम्भव नभएमा शुद्धीकरण गरेर मात्र पिऔं ।
- पिउने पानीलाई सफा भाँडामा छोपेर राखौं र सफा भाँडाले पानी झिक्ने गरौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

PRATEEK DAILY

# प्रतीक

राष्ट्रिय 'क' वर्ग

दैनिक

eprateekdaily.com



निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

❖ वर्ष ३७ ❖ २०८० भदौ ०७ गते बिहीवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2023 August 24 Thursday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ०६

## पर्सा जिल्लाका धानबालीमा रोगको प्रकोप

प्रस, सेढवा, ६ भदौ/

पर्साका ग्रामीण भेगमा लगाइएका धानबालीमा विभिन्न किसिमका रोग लागदा किसानहरू चिन्तित बनेका छन् ।

जिल्लाका ठोरी, जीराभवानी सेढवाका किसान रामरित चौधरीका अनुसार बालीमा रोग लागेर जरा कुहिँदै गएको बताए । जरा कुहिएर बिरुवाको पात पहेंलो भई सुकिरहेको चौधरीले गुनासो गरे । यस रोगलाई गाउँघरमा नभएको चौधरीले गुनासो गरे । यसका साथै सारो तथा १४४२ जातका धानबालीमा पनि रोग लागेर धानको टुपो सुक्न थालेको किसानहरूले बताए । बिरुवा हरियो भएपनि बाला निस्किने



जगरनाथपुर, पटेर्वासुगौली, सखुवाप्रसौनीलगायतका गाउँपालिकामा लगाइएका धानबालीमा रोग लागेको हो । धानबाली अन्तर्गत सोना मन्सुली, भदई मन्सुली, मनी मन्सुली तथा १४४२ जातका धानबालीमा रोग लागेका हुन् ।

जीराभवानी गाउँपालिका-१ सरलदवा रोग भनिने चौधरीको भनाइ छ । गत वर्षसम्म यो रोग सोना मन्सुली जातको धानबालीमा मात्र लाग्ने गरेको तर यसपालि अन्य जातका धानबालीमा पनि लागेको चौधरीले बताए । रोकथामका लागि दुईपटकसम्म कीटनाशक औषधि छरे पनि प्रकोप कम भाग नै सुकेपछि बाली नै नष्ट हुने समस्याले सताएको किसानहरू बताउँछन् । पटेर्वासुगौली गापा-२ बेलवा निवासी किसान शनिराउत थारूले सो क्षेत्रमा लगाइएको धानबालीमा सरलदवा रोग लाग्न शुरू भएको बताए । किसानहरूले सो रोग नियन्त्रण गर्न कीटनाशक औषधि छर्न शुरू गरेको थारूले बताए ।

त्यस्तै, ठोरी गापा-५ प्रधानटोलका किसान हरिप्रसाद चौलागाईंका अनुसार विगतमा नदेखिएको यो रोगले यसपालि धानबाली प्रभावित भएको बताए । यस क्षेत्रमा १४४२ र सारो धान मात्र लगाइएको उनले बताए । बाली हेर्न विशेषज्ञ वा जेटिए नआएकाले कुनै पनि कीटनाशक नछरेको उनले प्रतिक्रिया दिए । पालिकामा यसबारे जानकारी गराउँदा पनि जेटिए नआएपछि त्यत्तिकै छोडेको चौलागाईंले बताए ।

यस सम्बन्धमा जीराभवानी गाउँपालिकाको कृषि शाखा प्रमुख क्षत्रबहादुर गुप्ताले सो रोग विरुद्धको औषधि दुई पटकसम्म छर्दा प्रकोप हट्ने बताए । यसका साथै धानको रोपाइँ धेरै नजीकनजीक गर्न नहुने, झारपात हटाउनेपर्ने, बालीमा निरन्तर पानी नराख्ने र समयसमयमा जमीन सुक्खा राख्नुपर्ने गुप्ताले बताए । यसका साथै नेपाल सरकारले सिफारिश गरेका बीउबिजन मात्र रोपाइँ गर्दा यो रोग नलाग्ने किसानहरूलाई कृषि शाखा प्रमुख गुप्ताले आग्रह गरे ।

## अन्तरसरकार समन्वय सुदृढीकरणबारे अन्तर्क्रिया

## स्थानीय तहसँग समन्वय छैन -नगरप्रमुख सिंह

प्रस, वीरगंज, ६ भदौ/

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको आयोजनामा बुधवार




वीरगंजमा अन्तरसरकार समन्वय सुदृढीकरणसम्बन्धी अन्तर्क्रिया सम्पन्न भएको छ ।

कार्यक्रम प्रमुख अतिथि वीरगंज महानगरका प्रमुख राजेशमान सिंहले सङ्घीयता कार्यान्वयनमा सहकार्य, सहअस्तित्व र समन्वय जरुरी रहेको तर सङ्घ र प्रदेश सरकार यसमा चुकेको आरोप लगाए । उनले आपसी समन्वयमा चुनौती देखिएको र यसलाई सरलीकृत गर्दै लैजानुपर्ने आवश्यकता रहेको सुझाए ।

सङ्घ र प्रदेशका योजना कार्यान्वयन गर्दा स्थानीय तहसँग कुनै प्रकारको समन्वय नहुने गरेको भन्दै नगरप्रमुख सिंहले असन्तुष्टि व्यक्त गरे ।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सचिव डा कृष्णहरि पुष्करको अध्यक्षतामा सम्पन्न बैठकमा मधेस प्रदेशका सचिव रामकृष्ण पुडासैनी, वीरगंज महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत लक्ष्मीप्रसाद पौडेल, मधेस प्रदेशस्तरीय सुरक्षा निकायका प्रमुखहरू, पर्सा, बारा र रौतहटका प्रमुख जिल्ला अधिकारी तथा जिल्लास्थित तीनै तहका सुरक्षा निकायका प्रमुखहरूको सहभागिता थियो ।

## वातानुकूलित यात्रुवाहक बसको यात्रा जोखिमपूर्ण बन्दै

प्रस, वीरगंज, ६ भदौ/

नेपालमा लामो दूरीको बस यात्रा जोखिमपूर्ण बन्दै गएको यात्रुहरूले गुनासा



अनियन्त्रित भई धादिङको गजुरी गाउँपालिका-२ चालिसेस्थित छहराबाट त्रिशूली नदीमा खसेर दुर्घटना भएको प्रदेश ३-०१-००५ ख ९९५२ नम्बरको बस । तस्बिर: शङ्कर श्रेष्ठ/रासस

गरेका छन् ।

यात्रुहरूको चाहना तथा आन्तरिक होडबाजीका कारण यात्रुवाहक बस निर्माणको क्रममा गरिएका परिवर्तनका कारण यात्रा जोखिमपूर्ण बन्दै गएको ट्राफिक प्रहरीहरू पनि स्वीकार्छन् । अहिलका बसहरूमा सुरक्षाका कुनै उपाय उपलब्ध रहेका कारण यात्रा जोखिमपूर्ण भएको ट्राफिक प्रहरीको भनाइ छ । यात्रीका माग अनुसार बसहरू आधुनिकीकरण हुँदै गएका र अहिले यही आधुनिकीकरण जोखिमपूर्ण भएको यात्रीहरूको भनाइ छ ।

अहिले अधिकांश यात्रुवाहक बस पूर्ण वातानुकूलित छन् । वातानुकूलित बसहरूका झ्यालहरू सिल गरिएका हुन्छन् । त्यसमा आपत्कालीन ढोकाहरू हुँदैनन्, जसले गर्दा दुर्घटनाको समयमा यात्रीहरू बाहिरिन समस्या हुने गरेको र यसैबाट बढी क्षति हुने गरेको ट्राफिक प्रहरीको भनाइ छ । बसलाई आधुनिकीकरण गरेसँगै सुरक्षाका उपायहरू भने अवलम्बन नगर्दा दुर्घटनाको बखत बढी क्षति हुने गरेको प्रहरी बताउँछन् । पहिलेका बसमा अगाडि, पछाडि ढोका अनि आपत्कालीन ढोका गरी तीनवटा ढोका हुन्थे । चालकका लागि भने छुट्टै ढोका हुन्थ्यो । तर अहिले चालकका लागि एउटा र यात्रुहरूका लागि एउटा मात्र गरी दुईवटा ढोका मात्र हुन्छन् । मुख्य तीनवटा ढोका हुँदा दुर्घटनाको बखत यात्रीहरू जोगिने सम्भावना बढी थियो तर अहिले त्यस्तो अवस्था छैन । यसका साथै यात्रुवाहक बसमा ठूला टिभी अनि विभिन्न किसिमका बत्तीहरूका कारण दुर्घटना हुने गरेको ट्राफिक प्रहरीको भनाइ छ ।

नेपालमा सडक क्षमताभन्दा बढी लामा तथा हेभी आधुनिकीकरण गरिएका बसहरू सञ्चालनमा छन् । यात्रा गर्दा आरामदायी बनाइएका यस्ता बसहरू भने दुर्घटनाग्रस्त हुँदा अत्यधिक जोखिमपूर्ण हुने गरेको स्वयम् चालकहरू पनि स्वीकार्छन् । बुधवार एकाबिहानै पृथ्वी राजमार्ग अन्तर्गत धादिङमा भएको बस दुर्घटनामा आठजनाको ज्यान गएको छ । १३ जनालाई थप उपचारको लागि काठमाडौं ट्रमा सेन्टरमा पठाएको जिल्ला प्रहरी कार्यालय, धादिङका प्रहरी नायब उपरीक्षक सन्तुलाल जयसवालले बताए । काठमाडौंबाट म्याग्दी जिल्लाको बेनी जाँदै गरेको धवलागिरि यातायातको प्रदेश ३.०१.००५ ख ९९५२ नम्बरको बस त्रिशूली नदीमा खस्दा दुर्घटनाग्रस्त भएको हो । दुर्घटनामा परेको यो बस अत्याधुनिक वातानुकूलित भएको प्रनाउ जयसवाल बताउँछन् । खोलामा खसेको बसमा सुरक्षा उपकरण तथा त्यसका उपाय नभएकाले बढी क्षति भएको र आठजनाले ज्यान गुमाउनुपरेको प्रत्यक्षदर्शीहरू बताउँछन् । बस नदीमा खस्दा एउटा मात्र मुख्य ढोका नखुलेको, झ्याल फोड्न नसकिएको, अन्य सङ्कटकालीन ढोका नभएकाले यात्रीहरूको पानीमा निसासिएर ज्यान गएको प्रत्यक्षदर्शीहरूको भनाइ छ । एकजना प्रत्यक्षदर्शीले सङ्कटकालीन ढोका नभएको र झ्याल फोड्न नसकिएको अवस्थामा यात्रीहरू कराउँदै गर्दा बस नदीमा गएको आफ्नो आँखाले देखेको बताए । नदीमा खसेको सो बस बाहिर निकालिए पनि बसको मुख्य ढोका खोल्न निकै गाह्रो भएको थियो । दुर्घटना भएपछि चालक पनि घाइते भएका र स्वचालित ढोका खोल्न नसक्दा थप क्षति भएको प्रारम्भिक अनुमान गरिएको छ ।

## मिटरब्याज पीडितविरुद्ध व्यवसायीहरू आन्दोलित

प्रस, महोत्तरी, ६ भदौ/

उद्योग वाणिज्य सङ्घ जलेश्वरको आह्वानमा बुधवार जलेश्वर बजार बन्द रह्यो ।

मिटरब्याज पीडितहरूले हिजो दिउँसो निकालेको विरोध जुलुसमा सहभागीहरूले व्यवसायीहरूलाई सडकमैं दुर्व्यवहार गरी थियो ।

मिटरब्याज पीडितहरूले सरकारले ल्याएको ऐनमा संशोधनको माग गर्दै हिजो जलेश्वरमा प्रदर्शन गर्नुका साथै पाँच बुँदे माग उल्लिखित ज्ञापनपत्र जिल्ला प्रशासन कार्यालय, महोत्तरीमा बुझाएका थिए ।

मिटरब्याज पीडितहरूले प्रदर्शन



बजार बन्द रहेको अवस्थामा जलेश्वर चोक । तस्वीर: प्रतीक

कुटपिट गरेको विरोधमा आज निजी विद्यालय, पसल, बजार बन्द गरेर व्यापारीहरू आन्दोलनमा उत्रेका थिए ।

मिटरब्याज पीडितले एकजना स्थानीय व्यवसायीलाई कुटपिट गरेको र अर्का एकजना व्यवसायीलाई सुरक्षा कारणले प्रहरीले नियन्त्रणमा लिएको गरेको बेला आन्दोलनकारीले व्यवसायीलाई कुटपिट गरेको भन्दै व्यापारीहरू प्रतिकार उत्रेका हुन् ।

मिटरब्याज पीडितको नाममा अराजक गतिविधि गर्नेहरूलाई कारबाही नभएसम्म बजार बन्द यथावत् राख्ने उद्योग वाणिज्य सङ्घ जलेश्वरका अध्यक्ष लभराजा सिंहले बताए ।

जलेश्वर बजार बन्दका कारण आज सर्वसाधारणको जनजीवन कष्टकर बन्यो । व्यवसायीहरूले चोकचोकमा नाराबाजी गरेर दोषीलाई कारबाहीको माग गरेका थिए । जिल्ला प्रहरी कार्यालय, महोत्तरीले अप्रिय घटना हुन नदिन सदरमुकाम जलेश्वरमा सुरक्षाकर्मी परिचालन गरेको थियो । मिटरब्याज पीडितहरूले भने आफूहरूको आन्दोलन बिथोल्न झूटा आरोप लगाइएको प्रतिक्रिया दिएका छन् ।

## जसपा पर्साका नेताहरूबीच जुहारी




प्रस, वीरगज, ६ भदौ/

जनता समाजवादी पार्टी पर्साका नेताहरूबीच अहिले जुहारी चलिरहेको छ । (बाँकी अन्तिम पातामा)

**विचारसार एवं सूक्तिहरू**

**आकाश छुने महत्त्वाकाङ्क्षा राख्नुको सट्टा आफन्तको हृदयमा स्थान बनाउनु राम्रो ।**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि., वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
प्रबन्ध सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति टोल, श्रीपुर, वीरगंज-१४ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com


# नेता गिरीको स्मृतिमा

**नेपाली काङ्ग्रेसका नेता तथा समाजवादी चिन्तक स्व प्रदीप गिरीको स्मृतिमा काठमाडौंदेखि काशीसम्मको अस्तु यात्रा सञ्चालन गरियो । स्व गिरीको प्रथम वार्षिक पुण्यतिथिको अवसरमा सो यात्रा गरिएको हो । स्व गिरी नेपाली काङ्ग्रेसका नेता भए तापनि उनी मुलुकका सबै दलका मान्य थिए । लप्पनछप्पन, लोलोपोतो, लोभ, लाभ, चाप्लुसी, षडचन्त्रजस्ता कुनै कुरामा सहभागी नरहने उनी स्पष्ट विचारका प्रस्ट वक्ता थिए । दर्शनशास्त्र, राजनीति र साहित्यका प्रखर विद्वान् गिरी वामपन्थी राजनीतिका पनि गुरु थिए । सबै कुरा थाहा भएर पनि सबैसँग समानभाव राख्ने स्व गिरी हरेक प्रजातान्त्रिक एवं लोकतान्त्रिक आन्दोलनमा होस् वा संसद्भित्र नै दलहरूबीच बेमेल हुँदाको अवस्थामा एकताका सूत्रधार थिए । समाजवादी चिन्तक गिरी समाजवाद र साम्यवाद दुवैका राम्रा पक्षलाई फ्युजन गरेर राष्ट्रको निम्ति अझ राम्रो गर्न सकिन्छ भन्नेमा विश्वास राख्थे ।**

**वामपन्थी राजनीति गर्ने धेरै दल र समूह भएपनि उनलाई प्रायः सबैले आफ्ना गुरु मान्थे । कार्ल मार्क्सको द्विशतवार्षिकका अवसरमा आयोजित कार्यक्रममा गिरीलाई प्रमुख प्रशिक्षकका रूपमा निमन्त्रण गरिएको थियो । त्यसैगरी, सन् २०१८ मा मार्क्सवादी अध्ययन समूहले उनलाई सल्लाहकार नै राखेको थियो । विसं २०७६ पुसमा काठमडौंमा 'मार्क्स फर्किए' नामक नाटक मञ्चन हुँदा सो नाटकमाथि टिप्पणी गर्न आयोजकले नेता गिरीलाई आमन्त्रण गरेको थियो । यस आधारमा स्व गिरी मार्क्सवादी अध्येताका रूपमा स्थापित थिए भन्न अतिशयोक्ति हुँदैन । उनको जीवनभरको विचार समूह नेपाली काङ्ग्रेस थियो, तर गिरी काल मार्क्स र भिआई लेनिनको बौद्धिकताप्रति कम्युनिस्टभन्दा बढी काबिल थिए । गिरीमा भौतिक सुखभोगभन्दा बढी ज्ञानको भोक थियो । स्व गिरीको सबैभन्दा अनुकरणीय विषय भनेकै उनी कोही कसैप्रति अन्धभक्त बन्दैन थिए । गिरीले पूर्वीय र पश्चिमा दर्शन, भौतिकतावादी चिन्तन तथा आध्यात्मिक सोचबारे सरल भाषामा सबैले बुझिने गरी बताउँथे । नेपाली समाज रूपान्तरणमा ठूलो योगदान दिएका बौद्धिक व्यक्तित्वका रूपमा स्थापित गिरी राजनीतिक प्रेरणाका स्रोत हुन् ।**

**देशलाई रूपान्तरणकारी ढङ्गबाट अघि बढाउन स्पष्ट दृष्टिकोणका साथ सधैं आफूलाई उभ्याउँदै आएका गिरी आफैंमा एउटा वाद थिए, उनी आफैंमा एक विचार थिए । उनको पथलाई पहिल्याउन सके यो मुलुकको लागि जहिले पनि हितकर छ । राजनीतिलाई सेवा ठानेर अगाडि बढ्न चाहनेहरूका लागि यसले मार्गप्रशस्त गर्नेछ । स्व गिरीका विचार, त्याग र समर्पणलाई जीवित राख्ने पक्षमा खासै पहल भएको पाईंदैन । स्व गिरीको भौतिक शरीर हामीबाट टाढा भएको एक वर्ष बितिसक्यो । तर पनि सरकार, नेपाली काङ्ग्रेस र नागरिक समाजको स्तरबाट उल्लेखनीय पहल हुन सकेको छैन । स्व गिरीको स्मृतिमा 'काठमाडौंदेखि काशीसम्मको अस्तु यात्रा' केही सक्रिय युवाहरूको अगुवाइमा भएको हो । यसमा पनि विभिन्न वादविवाद र टीकाटिप्पणीहरू आए । यात्रा काठमाडौंबाट किन ? उनको जन्मस्थल सिराहाको बस्तीपुरबाट हुनुपर्थ्यो भन्नेहरू पनि छन् । विवाद र टीकाटिप्पणी हाम्रो विशेषता बनिसकेको छ । स्थानभन्दा पनि उद्देश्य प्रमुख कुरा हो । सकारात्मक कार्यमा खुट्टा तान्नेभन्दा सद्भावका साथ अगाडि बढ्न सके स्व गिरीको विचार र आदर्शलाई चिरस्थायी राख्न सकिन्छ ।**

# सामाजिक न्याय र सदाचारका कुरा

स्वतन्त्र विचार




सञ्जय साह मित्र
mitrasanjay41@gmail.com


**परिवेश जस्तोसुकै होओस्, सदैव सकारात्मक भूमिका खेल्नुपर्ने नैसर्गिक दायित्व बुद्धिजीवी वर्ग र सञ्चार क्षेत्रको हुन्छ । यी दुई क्षेत्र निरन्तर सतर्क र सकारात्मक विचार प्रवाहका लागि प्रतिबद्ध रहनुपर्छ । वर्तमानमा यी दुई क्षेत्रले आफ्नो जिम्मेवारी वहन गरेका छन् कि छैनन् ?**

सामाजिक न्यायको आफ्नो गति हुन्छ, अनुशासन हुन्छ । सामाजिक न्यायले सामाजिक प्रचलनलाई बढी महत्त्व दिन्छ । यद्यपि कानूनलाई मान्दै नमान्ने होइन । सबैलाई थाहा छ, अन्तिममा कानूनकै सहाराले सबै विवाद सल्टिन्छ तर पनि सामाजिक कानून कति बलियो छ भन्ने कुरा समाजका हरेक प्राणीलाई राम्ररी थाहा छ । हरेकले कानून बुझेको छ कि तिलक वा दाइजो लिनु गैरकानूनी हो, लिने र दिने दुवै अपराधी हुन सक्छन् तर यो कम भएको छैन । सामाजिक न्यायको दृष्टिमा तिलक लिनु र दिनुमा कानून बाधक बन्न सक्दैन । समाजका सदस्य सबैले यसलाई यसरी वैध मानेका छन् कि जसले लिंदैन, त्यहाँ कि शङ्का हुन्छ कि चर्चा हुन्छ । किनभने त्यो सामाजिक लयभन्दा पृथक हुन गयो । सामाजिक न्यायको गतिभन्दा फरक भएपछि सामाजिक अनुशासनलाई अपाच्य हुन जान्छ । अनि के शङ्का बढ्छ भने दुवै पक्षबीच पहिलेदेखि नै मिलेमतो थियो । त्यो भनेको देखाएर पो लिएको छैन, भित्रभित्रै कति लिएको होला, के के लिएको होला ! दुवै परिवार बाठो भएकोले कुरा बाहिर ननिस्केको मात्र हो ।

अन्धविश्वास तथा अन्य कतिपय प्रचलनमा समाजको आफ्नै नियम छ । आफ्नै अनुशासन छ । समाजमा आफ्नै किसिमको सदाचार पनि छ । कतिपयले यसमा धेरै परिवर्तन ल्याउन खोज्यो भने एक छिनका लागि परिवर्तन आएजस्तो लाग्छ, तर वास्तवमा त्यो भएको हुँदैन । उदाहरणका लागि माओवादी आन्दोलनको समयमा समाजमा धेरै हस्तक्षेप भएको थियो । सामाजिक परिवर्तन र सामाजिक क्रान्तिका कुरा खुब भएका थिए तर माओवादी आन्दोलनले जातीय मोर्चाहरू बनाएर जुन रूपमा जातिवादलाई बलियो बनाएको थियो, त्यसको परिणामले कालान्तरमा कट्टरतावादलाई बढावा दिएको छ । एकातिर वैज्ञानिक समाजवाद भन्ने र अर्कोतिर जातीय कट्टरतालाई जडसूत्रवादको रूपमा प्रयोग गरेको त्यो आन्दोलनले गर्दा समाजमा जातीय विभेद बढाएको थियो । जातीय मुक्तिको कुरा गर्ने र अन्तर्जातीय विवाह आदिलाई पनि प्राथमिकता दिनेजस्ता स्वयम् अन्तरविरोधी भाव र व्यवहार त्यस आन्दोलनमा देखिएको थियो । यसैले कालान्तरमा अन्तर्जातीय विवाह सामाजिक कानूनमा खासै पचेन । अन्तर्जातीय विवाह गरेका कतिपय परिवारलाई अहिले पनि समाजमा तिनै पुराना कार्यकर्ताहरूले नै नराम्रो दृष्टिकोणले हेर्ने गरेका छन् । बरू जातीय सवालमा हस्तक्षेपभन्दा चेतना र शिक्षाले ठूलो काम गरेको छ । समाजमा शिक्षा र चेतना बढ्दै जाँदा जातीय भेदभाव आफैं कम हुँदै गएको हो । शिक्षा र चेतनाले वैज्ञानिकता बुझ्दै गएको हो र कानूनले पनि मानिसलाई बदल्न सहयोग गरेको हो । यसरी दुवैले गर्दा मानिसमा जातीय भेदभावको भावना कमजोर हुँदै गएको हो । साथै आफ्नो जातप्रति गर्व गर्ने वातावरण पनि तयार हुँदै गएको हो ।

समाजमा कतिपय चलन पुरातन लाग्छ । यसलाई समाजको सापेक्षतामा बुझ्नु राम्रो हुन्छ । मानिस समाजमा बस्छ । यसैले सामाजिक प्राणी हो । कुनै गाउँ निकै पुरानो छ भने त्यहाँ पुराना कुरामा विश्वास हुन्छ र त्यहाँ पुराना चलन पत्यारिला हुन्छन् भन्ने बुझाइ सामान्यतया ठीकै हो, तर कहीं नयाँ शहर बस्दैछ । नयाँ शहरमा पुराना विश्वास तथा चलन नआउने भन्ने होइन । मानिस कहीं न कतैबाट अर्थात् कुनै गाउँबाट नै बसाइँ सरेर पुगेको हुन्छ बसाइँ सर्दा आफ्नो संस्कार वा चलन पनि लिएर आएको हुन्छ । यसले गर्दा त्यस समाजमा उसका सामाजिक गति र अनुशासनका अवशेषहरू स्वाभाविक देखिन थाल्छन् र आवश्यक परेको ठाउँमा मुखरित हुन्छन् । पुनः त्यहाँ सामाजिक अनुशासनको विशाल स्वरूप देखिन शुरू हुन्छ । सामाजिक गतिले काम गरिरहेको हुन्छ । जस्ताको तस्तै नहोला, केही नवीनताका साथ स्वीकार गरेर समाजले गति लिएको हुन्छ र बिस्तारै सामाजिक न्यायले पनि महत्त्व पाउन थाल्छ । सामाजिक न्यायको सवाल ग्रामीण समाजमा अझै पनि निकै सहानुभूतिशील रहेको पाइएको छ । परस्पर सहयोगात्मक र सहानुभूतिशील हुनु तथा सम्भव सहयोग गर्नु अहिले पनि समाजको धर्म नै रहेको छ । यद्यपि सहयोग गर्ने कुरामा कतिपयले कानूनलाई पनि देख्न थालेका छन् र कानूनको नजरमा नराम्रो मानिएको हदसम्म सहयोग गर्न नचाहेको अवस्था पनि रहेको छ तर सहयोगको सन्दर्भ भने सामाजिक नियम निकै विशाल छ ।

सामाजिक न्याय पनि, शिक्षित र सचेत मानिसको सङ्ख्या बढ्दै गएपछि कानूनले प्रभावित हुन थालेको छ र सामाजिक न्याय निरूपणमा कानूनको अवस्थाबारे विमर्श हुन थालेको छ । यसलाई धेरै सकारात्मक मान्नुपर्छ । यद्यपि सामाजिक न्यायको जगमा रहेको सामाजिक सदाचारमा भने निकै ह्रास आउन थालेको छ । समाजमा सदाचारमाथि हस्तक्षेप भएको देखिएको छ । उदाहरणको लागि पहिले समाजमा ऐंचोपैंचो प्रथा निकै प्रचलित थियो । आवश्यकता र अभाव पूर्तिको सन्दर्भमा सामाजिक ऐंचोपैंचो वा यस किसिमको लेनदेनमा तेस्रो पक्षलाई जानकारीसम्म हुन पाउँदैनथ्यो । अब यो अवशेषको रूपमा रहेको छ । अब हरेक सन्दर्भमा साक्षीको आवश्यकता पर्न थालेको छ र कतिपय सन्दर्भमा त साक्षीसमेतले बेइमानी गरी सामाजिक सदाचारमाथि धावा बोल्ने गरेका छन् । कुनै दिने मानिसले यस किसिमको नमीठो भोगाइ एकपटक मात्र पनि पाउँछ भने उसले आवश्यक परेकालाई पनि कानूनी प्रक्रिया पूरा नगरी कुनै नगद वा जिन्सी सहयोग गर्न तयार हुँदैन । र, कुनै पनि लेनदेन सहयोगको रूपमा हुन्छ भन्ने कुरातर्फ समाजमा कानूनको सहाराले पत्याउन कोही तयार हुँदैन । त्यहाँ लेनदेनमा सहभागीहरू लिने र दिने पक्षका गरी दुई पक्षमा विभाजित हुन पुग्छन् तथा एकजना तटस्थ हुनुपर्छ । यस किसिमले विभाजित मनोविज्ञानमा सहयोगको भावना निकै कम हुन्छ र सम्भवतः लोभले ठाउँ लिन्छ वा अत्यधिक सतर्कता देखिन थाल्छ ।

लेनदेनको सन्दर्भमा मिटर ब्याजीमाथि कारबाईको सन्दर्भले समाजमा फरक परिस्थिति सिर्जना गरिदिएको छ । कतिपयले सामन्तवादको पुरानो अवशेषको रूपमा रहेको मिटर ब्याज अब समाप्त हुने विश्लेषण गरिरहेका छन् । यस विपरीत कतिपयले यो पनि विश्लेषण गरिरहेका छन् कि अब सामाजिक लेनदेनको प्रक्रिया अवरूद्धजस्तै भएको छ । यो मिटर ब्याजको मुद्दा यति कडा भएर आयो कि गाउँघरमा मानिस अरूलाई ब्याजमा पैसा लगानी गर्न डराइरहेका छन् तथा गरीबले समयमा पैसा पाउन मुश्किल भइसकेको छ । यसले गरीबी बढाउने आकलन पनि कतिपयले नगरेका होइनन् । यद्यपि सामाजिक आचरण भने अवरूद्ध भएको छैन । अझै पनि गाउँघरमा मानवताको त्यो तह जीवित छ, जहाँ नसोधिकन पनि सहयोगको हात अगाडि बढ्छ । पैसा फिर्ता आउने वा नआउने सवाल भने स्वतः पछाडि पर्छ । सामाजिक आचरणमा अझै पनि सहयोगसँगै त्यागको भावना रहेको छ । सहयोग भइरहेको छ । लेनदेन चलिरहेको छ, लगानी भइरहेको छ तर निकै कम । समाजमा ऋणको कारोबार गर्नेहरू भने सतर्क भइसकेका छन् तथा ऋण लिनुपर्नेहरू भने कसकहाँ जाँदा ऋण पाइएला भनेर विचार पुऱ्याउनु परिरहेको छ । पहिलेको जस्तो ब्याज तिर्नुछ, जसकसैबाट ऋण पाइहालिन्छ भन्ने मनोविज्ञान परिवर्तन भइसकेको छ ।

नेपाली समाजको धेरै क्षेत्रमा नैतिकता र सदाचार कमजोर बनिरहेको छ । यसको कारण के हो भन्नेतिर ध्यान जान सकेको छैन । जुनसुकै कारणले भए पनि मानिस नैतिकरूपले पतन हुँदै जाँदा त्यसको असर समाजमा पर्ने नै हुन्छ । समाजमा पर्ने असरप्रति ऊ गम्भीर देखिंदैन भने पनि समाजले भने उसबाट प्रभाव ग्रहण गरेको हुन्छ । ऊदेखि सतर्क रहनुपर्दा समाजमा सतर्कताको मात्रा बढ्न सक्छ वा अरूमाथि अविश्वासको मात्रा बढ्न सक्छ । अहिले भएकै यही हो । नैतिकता कम भएको दृष्टिले हेर्ने समय अहिले आएको जस्तो धेरैलाई लाग्न थालेको छ । जहाँ नैतिकतामाथि प्रश्न उठ्छ, त्यहाँ आचरणप्रति शङ्का त उठ्छ नै । यसरी सामाजिक व्यवहारमा नैतिकता, आचरण र शङ्का अब पर्याय बन्न थालेका छन् । सामाजिक न्यायको सन्दर्भमा यी कुराले पनि प्रभाव पार्न थालेका छन् । हुनत पहिलेदेखि नै जसको आचरणप्रति अविश्वास रहेको वा शङ्का रहेको अवस्था थियो, त्यस्ता मानिसप्रति समाज सचेत रहँदै आएको थियो । अहिले अब नैतिकतामाथि, विश्वासमाथि र व्यवहारमाथि प्रश्नै प्रश्न उठ्दै जाने युगमा कसमाथि र कति हदसम्म विश्वास गर्ने भन्ने सबाल प्रधान बन्न पुगेको छ । यसले हरेक सन्दर्भमा हरेक दिन आचरणमाथि विश्वास गर्नुभन्दा पहिले विचार गर्नुपर्ने सन्देश दिइरहेको देखिन्छ । यद्यपि यो युगप्रति धेरैतिरबाट प्रश्नहरू उठिरहँदा यसले आफूलाई सच्याउने कुरामा पनि आशावादी हुन सकिन्छ । यही आशामा सामाजिक न्यायको जग बलियो हुने सम्भावना पनि रहेको छ, जसले सामाजिक आचरणमा पनि पुनर्सुधार हुने विश्वास लुकेको छ ।

परिवेश जस्तोसुकै होओस्, सदैव सकारात्मक भूमिका खेल्नुपर्ने नैसर्गिक दायित्व बुद्धिजीवी वर्ग र सञ्चार क्षेत्रको हुन्छ । यी दुई क्षेत्र निरन्तर सतर्क र सकारात्मक विचार प्रवाहका लागि प्रतिबद्ध रहनुपर्छ । वर्तमानमा यी दुई क्षेत्रले आफ्नो जिम्मेवारी वहन गरेका छन् कि छैनन् ? यस विषयमा पनि बहस हुनु जरुरी छ । समाजलाई कुन दिशामा लैजाने भन्ने कुरामा बुद्धिजीवी र सञ्चार क्षेत्रको भूमिकामाथि पनि प्रश्न उठ्न थालेको छ ? जहाँ सर्वसाधारणको चाहनाभन्दा फरक किसिमले बौद्धिक विलास र सञ्चार कर्म हुन थाल्छन्, त्यहाँको समाजमा गहिरो खाडलको स्थिति हुन्छ । अहिले कतै यस्तै हुन थालेको हो कि ? नहोओस्, तर समाजमा जुन कारणले विचलन आएको भनिएको छ, त्यतातिर बौद्धिक वर्ग तथा सञ्चार क्षेत्र संवेदनशील हुनुभन्दा केही पृथक सवालतिर बढी परिचालित भएका हुन् कि भन्ने आशङ्काजन्य आरोपका बीच वास्तवमा यी दुईले सामाजिक न्याय तथा सामाजिक आचरणका क्षेत्रमा सकारात्मक भूमिका निर्वाह गर्नै परेको छ । हाम्रो समाजमा रहेका कतिपय चिन्तनमाथि सतहीरूपमा होइन, गम्भीररूपमा बहस गर्नुपरेको छ ।

# घट्यो वैदेशिक व्यापार

काठमाडौं, ६ भदौ/रासस

चालू आर्थिक वर्षको पहिलो महीनामा मुलुकको वैदेशिक व्यापार दुई दशमलव २८ प्रतिशतले घटेको छ ।

गत आवको पहिलो महीनामा रु एक खर्ब ४६ अर्ब नौ करोड ५७ लाख ६६ हजार रहेको वैदेशिक व्यापार यस वर्षको साउनमा रु एक खर्ब ४२ अर्ब ७६ करोड ७६ लाख २७ हजार कायम भएको छ । भन्सार विभागले सार्वजनिक गरेको चालू आवको पहिलो महीनाको तथ्याङ्क अनुसार गत वर्षको साउनको तुलनामा चालू आवको सोही अवधिमा आयात एक दशमलव ५६ प्रतिशतले घटेर रु एक खर्ब २९ अर्ब २३ करोड ८९ लाख ७१ हजार पुगेको छ । गत आवको पहिलो महीनामा रु एक खर्ब ३१ अर्ब २८ करोड ६० लाख ६६ हजारको आयात भएको थियो । तथ्याङ्क अनुसार साउनमा वैदेशिक व्यापारमा आयातको अनुपात ९० दशमलव ५२ प्रतिशत रहेको छ ।

त्यस्तै, सार्वजनिक विवरण अनुसार गत आवको पहिलो महीनाको तुलनामा यस आवको सोही अवधिमा निर्यात आठ दशमलव ६५ प्रतिशतले घटेको छ । गत आवको शुरूको महीनामा रु १४ अर्ब ८० करोड ९७ लाखको निर्यात भएकोमा चालू आवको समीक्षा अवधिमा रु १३ अर्ब ५२ करोड ८६ लाख ५६ हजारको निर्यात भएको छ । विभागका अनुसार यो अवधिमा कुल वैदेशिक व्यापारमा निर्यातको अनुपात नौ दशमलव ४८ प्रतिशत रहेको छ ।

**एक खर्ब १५ अर्बको व्यापार घाटा**

विभागका अनुसार चालू आवको पहिलो महीनामा मुलुकको व्यापार घाटा शून्य दशमलव ६६ प्रतिशतले घटेर रु एक खर्ब १५ अर्ब ७१ करोड तीन लाख १५ हजार कायम भएको छ । गत आवको पहिलो महीनामा व्यापार घाटा रु एक खर्ब १६ अर्ब ४७ करोड ६३ लाख ६५ हजार थियो ।

**आयातमा सबैभन्दा बढी डिजेल**

मुलुकको वैदेशिक व्यापारमा मुख्यरूपमा प्रभाव पार्ने पेट्रोलियम पदार्थ नै यस अवधिमा समेत प्रमुख आयात हुने वस्तुमा परेको छ । विभागको तथ्याङ्क अनुसार एक महीनामा रु सात अर्ब ३४ करोड ७१ लाख २५ हजार बराबरको डिजेल आयात भएको छ । यो आयातमध्येकै बढी हो । त्यस्तै, यस अवधिमा रु पाँच अर्ब ४४ करोड ७० लाख ७६ हजारको पेट्रोल आयात भएको तथ्याङ्कमा उल्लेख छ ।

**निर्यातमा सबैभन्दा बढी अलैंची**

नेपालबाट निर्यात भएका वस्तुमध्ये गत एक महीनामा अलैंची सबैभन्दा धेरै देखिएको छ । विभागका अनुसार

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४८

# माउन्ट एल्ब्रस आरोहणको अनुभवः आरोही शेर्मा

काठमाडौं, ६ भदौ/रासस

सगरमाथा आरोही सुशील शेर्मालाई लागेको थिएन कि रसियाको माउन्ट एल्ब्रस हिमाल आरोहण तुलनात्मकरूपमा



युरोपकै अग्लो रसियाको माउन्ट एल्ब्रस हिमालको चुचुरोमा नेपाली झन्डा फहराउँदै आरोही शेर्मा । तस्वीरः रासस

कठिनाइ होला । उनमा युरोपको सबैभन्दा अग्लो र प्रमुख चुचुरो समुद्री सतहभन्दा पाँच हजार ६४२ मिटरमाथिको आरोहणको हुटहुटी थियो । बेचैन मन र अगाध उत्साहका साथ आरोहण यात्रा तय गर्दै उनी गत साउन २६ गते आरोहणका लागि रसिया गए ।

आरोहण प्रक्रिया पूरा गरी गत बिहीवार साउन ३२ गते बिहान शेर्माले माउन्ट एल्ब्रसको चुचुरोमा पुगेर राष्ट्रिय झन्डा फहराउन सफल भए । "हाँस्दाहाँस्दै रुनुपर्ने अनौठो अनुभूति हुँदोरहेछ, एल्ब्रसको चुचुरो चढ्दा त्यस्तै भयो," हिमाल आरोहण सकेर मङ्गलवार काठमाडौं ओर्लिएका आरोही शेर्माले भने, "क्षणभरमै बदलिरहने मौसमका कारण कति बेला के हुन्छ अनुमान लगाउने नसकिने रहेछ ।"

सगरमाथा र एल्ब्रस चढ्न कुन बढी कठिनाइ रहेछ भनी सोधिएको जिज्ञासामा आरोही शेर्माले भने, "फरक भनेको हिमालको उचाइ मात्रै हो । हिउँ उस्तै हो, हिमाल चढाइको रमाइलो र कष्ट दुवै उस्तै हुन् । हिमालमा देखिने दृश्य र ती दृश्यले लोभ्याउने पल, मौसममा आएको बदलीले उब्जाउने त्रास सबै उस्तै हुन् । त्यहाँ पुग्दा सगरमाथाको उचाइमा पुगेजस्तै अनुभूति भयो ।"

आरोही शेर्माको बुझाइमा सगरमाथामा हिमपहिरो र ग्लेसियरको बढी जोखिम हुने गर्छ भने एल्ब्रसमा ग्लेसियर कम हुने हुनाले दुर्घटनाको जोखिम कम हुन्छ । उनले विसं २०७४ मा सर्वोच्च शिखर सगरमाथा आरोहण गरेका थिए ।

एल्ब्रस हिमालका लागि काठमाडौंदेखि मस्को हुँदै मिनिटल्नी बोधे भन्ने ठाउँसम्म हवाई मार्गबाट गएका शेर्मा त्यहाँबाट करीब छ घण्टा पैदलयात्रापछि आजाउमा पुगेका थिए । शेर्माले आजाउबाट तेसकोल हुँदै छिकेट पिकसम्मको आरोहण अभ्यास गरेका थिए । उनको टोलीमा नेपाली गाइड चतुरमान तामाङ र रसियन गाइड डेनिससहित त्यहाँका तीन आरोही गरी पाँचजना सहभागी थिए ।

आजाउनजीकैको माउन्टेन हटदेखि बुधवार मध्यरात माउन्ट एल्ब्रसका लागि प्रस्थान गरेका उनले रातभर आरोहण यात्रा तय गरेर बिहीवार बिहान ५:१५ बजे सफलतापूर्वक आरोहण गरी नेपाली झन्डा फहराएका थिए । शेर्माको पर्वतारोहणको चाँजोपाजो ट्रेकिङ एजेन्सी चतुर ट्रेक एन्ड एभडेन्चर प्रालिले गरेको थियो ।

रसियाको हिमाल आरोहणका क्रममा त्यहाँका नागरिकलाई सगरमाथा, लुम्बिनीलगायत नेपालका धार्मिक एवं पर्यटकीयस्थलका बारेमा जानकारी दिँदै उनीहरूलाई नेपाल भ्रमणको निम्तो दिएको आरोही शेर्माले बताए । "आरोहणका क्रममा आफूले बयान गरेको यहाँको वस्तुस्थितिका बारेमा सबै आरोहीले कौतूहलतापूर्वक सुनेका थिए," उनले भने, "उनीहरूले नेपाल भ्रमणमा आउने चासो पनि देखाएका छन् ।"

शेर्माले यसपछि तान्जानियाको किली मन्जारो हिमाल आरोहण गर्ने योजना बनाएका छन् । सात महादेशका सातवटै अग्ला हिमाल आरोहण गर्दै विश्व शान्ति, मानव एकता र नेपालको पर्यटन प्रवर्द्धनमा योगदान पुऱ्याउने उद्देश्यले हिमाल आरोहण अभियान शुरू गरिएको शेर्माले बताए । आरोहण अभियानको नारा 'विश्व मानव शान्तिका लागि मानव एकता र धार्मिक सहिष्णुता कायम राखौं' रहेको उनले जानकारी दिए ।

पाँचथरका ३६ वर्षीय शेर्माले यसअघि सर्वोच्च शिखर सगरमाथासहित लाइटाङ र आइसल्यान्ड पिकको सफल आरोहण गरिसकेका छन् । उनले नेपालको होचो भूभाग केचनाकवलदेखि विश्वको तेस्रो हिमाल कञ्चनजङ्घा बेस क्याम्पसम्मको पैदलयात्रा पनि गरिसकेका छन् । पर्यटनका माध्यमबाट देशको आर्थिक समृद्धिमा टेवा पुग्ने विश्वास व्यक्त गर्दै उनले पर्यटन प्रवर्द्धनका साथै धार्मिक सहिष्णुता कायम गर्नका लागि आफू लागेको बताए ।

"देश पर्यटनको माध्यमबाट समुन्नत र समृद्धिको दिशामा अघि बढोस् भन्ने मेरो चाहना छ, पर्वतारोहीलाई राज्यले पनि सम्मान गर्नुपर्छ । उनीहरूको जीविकोपार्जनका लागि केही व्यवस्था हुन सके पर्वतीय पर्यटनको प्रभावकारी प्रवर्द्धन हुने थियो," आरोही शेर्माले भने । आरोहीलाई व्यवस्थित र सुरक्षित बनाउन विशेषज्ञबाट तालीमको यथोचित व्यवस्था गरी पूर्ण व्यावसायिक बनाउन जरुरी रहेकामा उनले जोड दिए । आफ्नो भाषा, संस्कृतिलाई संरक्षण गर्दै अर्को देशको भाषा, संस्कृतिलाई पनि सम्मान गर्नुपर्ने उनले धारणा राखे ।

आरोही शेर्मालाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा शेर्मा समुदायका अगुवा एवं प्रतिनिधिले सांस्कृतिक परम्परासहित स्वागत गरेका थिए । स्वागतपछि आयोजित कार्यक्रममा शेर्मालाई सम्मान गरिएको थियो । सोही अवसरमा उनले आफ्नो आरोहण अनुभव बताएका हुन् ।

# मानव जीवनका लागि पराभौतिक विज्ञान आवश्यक छ –डा जेपी अग्रवाल

काठमाडौं, ६ भदौ/रासस

आध्यात्मिक चिन्तक तथा न्युरोलोजिस्ट डा जयप्रकाश अग्रवालले कुनै पनि विषयका कुरा सुन्नु, सुनेका कुरालाई बुझ्नु, बुझेका कुरालाई मनन गर्नु र मनन गरेका कुरालाई व्यवहारमा उतार्न सके मात्र त्यो विषय आफ्नो जीवनका लागि सार्थक हुने बताएका छन् ।

त्रिभुवन विश्वविद्यालय, आर्थिक विभागद्वारा बुधवार कीर्तिपुरमा आयोजित प्रवचन कार्यक्रममा उनले मानवजीवनलाई सार्थक बनाउन, जीवनभर सुख, शान्ति र सन्तुष्टिका लागि भौतिक ज्ञानका साथै आध्यात्मिक ज्ञान हुनुपर्ने आवश्यकता औंल्याए । "अपरा विज्ञान (भौतिक विज्ञान)ले थुप्रै आविष्कार गरेको छ, सुख तथा सुविधा उपलब्ध गराएको छ, आर्थिकरूपले सम्पन्न पनि गराएको छ तर अपरा विज्ञान (मेटाफिजिकल साइन्स)को ज्ञानको अभावमा सबै सुख तथा सुविधा भएर पनि मानसिकरूपले सन्तुष्टि दिलाउन नसक्दा आत्महत्या गर्ने तथा निराश हुनेजस्ता घटना समाजमा विद्यमान देखिन्छन्," डा अग्रवालले भने, "धर्मशास्त्र वेदमा उल्लिखित परा विज्ञान र अपरा विज्ञानमध्ये अपरा विज्ञानलाई मात्र अवलम्बन गरिएकाले मानिसमा सुख तथा शान्तिको अभाव भएको हो ।"

शरीरबाहिर प्रकाश र ध्वनि भएझैं हाम्रो शरीरभित्र पनि प्रकाश र ध्वनि छ, त्यसलाई अनुभूति गर्न सक्नुपर्छ भन्दै उनले आमाको गर्भमा रहेको बालकले पनि सात महीनादेखि त्यो ध्वनि र प्रकाशको ध्यान गरिरहेको हुन्छ तर पृथ्वीमा आएपछि यो क्रम रोकिने उल्लेख गरे । बालकमा सक्रिय भएको दायाँ दिमागको क्षमता पनि १२ वर्षको उमेरपछि निष्क्रिय हुने र बायाँ दिमाग भने जन्मेदेखि नै सक्रिय हुँदै जाने भएकाले १२ वर्षको उमेरपछि उपनयन (तेस्रो आँखा खुलाउने संस्कार) गरेर दाहिने दिमागलाई पुनः सक्रिय गराउने प्रचलन रहेको डा अग्रवालको भनाइ थियो ।

उनले भने, "जन्मेपछि चार वर्षसम्म बालकमा डेल्टा वेब, चारदेखि आठ वर्षसम्म ठिटा वेब, आठदेखि १२ वर्षसम्म अल्फा वेब रहने, १२ वर्षदेखि माथि बिटा वेब रहने भएको र बिटा वेबका कारण विकासको क्रमसँगै मानिसको मन भड्किरहने र अशान्ति पैदा हुने भएकाले मनलाई नियन्त्रण गर्न वा डेल्टाकै स्थितिमा पुग्न ध्यान गर्नुपर्छ ।"

त्रिविवि आर्थिक विभाग प्रमुख डा शिव अधिकारीले समाजलाई खण्डखण्ड गरेर हेर्नुभन्दा समग्ररूपमा हेरिनुपर्नेमा चर्चा गर्दै भौतिक विज्ञान र आध्यात्मिक विज्ञान दुवै मानवजीवनका दुई खुट्टा भएकाले सँगसँगै प्रयोग गरेर जानुपर्ने आवश्यकता औंल्याए ।

पाटन संयुक्त क्याम्पसका प्राध्यापक वैकुण्ठ पाण्डेले कतिपय व्यक्तिले पूर्वजन्मदेखिको वा परम्परागत संस्कार लिएर आएको हुन्छ भने केही व्यक्तिले परिस्थिति अनुसार आफूलाई परिवर्तन गरेर नयाँ संस्कार अवलम्बन गर्ने गरेका उल्लेख गरे । उनले भने, "यस्तै परिस्थितिले आफूलाई पनि परिवर्तित बाटोमा हिँड्ने अवसर मिलेको छ ।"

मानव धर्म सेवा समितिका युवा संयोजक उत्तम गिरीले आध्यात्मिक ज्ञानको अभावमा उच्च शिक्षा अध्ययन गरेका कतिपय युवा पतनको बाटोतिर गइरहेका पाइएको छ भने । उनले भौतिक ज्ञानका साथै आध्यात्मिक ज्ञानमार्फत प्रत्येक व्यक्तिले आफूलाई परिवर्तन गराउन सके भावी पुस्ताका लागि मार्ग प्रशस्त हुनेमा जोड दिए ।

# सुन तस्करीको छानबीन गर्न उच्चस्तरीय आयोग गठन हुने

काठमाडौं, ६ भदौ/रासस

संसद्मा प्रतिनिधित्व गर्ने राष्ट्रिय मान्यताप्राप्त राजनीतिक दलले हालसम्म भएका सुन तस्करीको छानबीनका लागि उच्चस्तरीय आयोग गठन गर्न सहमत भएका छन् ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा बुधवार बसेको राष्ट्रिय मान्यताप्राप्त दलहरूको बैठकले आगामी महीना उक्त आयोग गठन गर्न सहमत भएका हुन् । सहमतिपत्रमा सङ्घीय संसद्मा प्रतिनिधित्व गर्ने विभिन्न सात राजनीतिक दलका प्रमुख सचेतकले हस्ताक्षर गरेका छन् ।

सुनलगायतका सामग्री पटकपटक तस्करी भई मुलुकभित्र आइरहेको विषयलाई गम्भीरतापूर्वक लिई स्वतन्त्र एवं निष्पक्ष छानबीन गर्न र यस्तो तस्करीजन्य विषयका सम्बन्धमा भएका अध्ययनसमेत गरी सुझावसहितको प्रतिवेदन पेश गर्न जाँचबुझ आयोग ऐन, २०२६ बमोजिम आगामी असोज ५ गते सरकारले आयोग गठन गर्ने र त्यसै दिनदेखि कार्य प्रारम्भ गर्ने सहमति भएको छ ।

गत साउन ३ गते त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल परिसरबाट बाहिरिएको सुन राजस्व अनुसन्धान विभागले सिनामङ्गलबाट बरामद गरेको थियो । सुन प्रकरणलाई लिएर गत साउन १० गतेदेखि प्रमुख प्रतिपक्षी दल नेकपा (एमाले)ले लगातार सदनमा अवरोध गर्दै आएको थियो । आजको सहमतिपछि अब सदनको अवरोध हट्ने विश्वास लिइएको छ ।

आयोगले नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरोले गरिरहेको कामलाई कुनै प्रभाव नपार्ने विश्वास लिइएको छ । आगामी महीना गठन हुने आयोगले नीतिगतरूपमा गर्नुपर्ने सुधार तथा सुझावसमेत सरकारलाई दिनेछ । सहमति अनुसार केन्द्रीय अनुसन्धान ब्यूरोले नै निष्पक्ष अनुसन्धान, छानबीन गरी सुन तस्करीमा संलग्नलाई कारबाहीको दायरामा ल्याउने र अभियोजन गर्नेछ ।

सहमतिपत्रमा नेपाली काङ्ग्रेसका प्रमुख सचेतक रमेश लेखक, नेकपा (एमाले)का प्रमुख सचेतक पदम गिरी, नेकपा (माओवादी केन्द्र)का मुख्य सचेतक हितराज पाण्डे, राष्ट्रिय स्वतन्त्र पार्टीका प्रमुख सचेतक सन्तोष परियार, राष्ट्रिय प्रजातन्त्र पार्टीका प्रमुख सचेतक ज्ञानबहादुर शाही, जनता समाजवादी पार्टीका प्रमुख सचेतक प्रदीप यादव र जनमत पार्टीका प्रमुख सचेतक अब्दुल खानले हस्ताक्षर गरेका छन् ।

बैठकमा प्रधानमन्त्री प्रचण्ड, नेपाली काङ्ग्रेसका सभापति शेरबहादुर देउवा, नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओलीलगायतका शीर्ष नेताको सहभागिता थियो ।

# भारी वर्षाको सम्भावना, सावधानी अपनाउन आग्रह

काठमाडौं, ६ भदौ/रासस

हाल मनसुनको न्यूनचापीय रेखा सरदर स्थानभन्दा उत्तरमा अवस्थित छ । साथै नेपालमा हाल भारतको केन्द्रीय मध्यप्रदेश र आसपासमा रहेको न्यूनचापीय क्षेत्रको समेत प्रभाव रहेको जल तथा मौसम पूर्वानुमान महाशाखाले जनाएको छ ।

न्यूनचापीय क्षेत्रको प्रभावले हाल देशभर सामान्यदेखि पूर्ण बदली रही सबै प्रदेशका केही स्थानमा हल्कादेखि मध्यम वर्षा भएको छ । बुधवार दिउँसो देशभर सामान्य बदली रही सुदूरपश्चिम प्रदेशलगायत देशका पहाडी भूभागका केही र बाँकी प्रदेशका थोरै स्थानमा हल्कादेखि मध्यम वर्षाको भएको मौसमविद् सञ्जीव अधिकारीले जानकारी दिए ।

मनसुनको न्यूनचापीय रेखा सरदर स्थानभन्दा उत्तरमा अवस्थित रहेकाले आज देशभर सामान्यदेखि पूर्ण बदली रही सबै प्रदेशका केही स्थानमा हल्कादेखि मध्यम वर्षा भएको छ । आज दिउँसो सुदूरपश्चिमका एक/दुई स्थानमा मेघगर्जन, चट्याङसहित भारी वर्षाको सम्भावना छ । आगामी तीन दिन देशका धेरै भूभागमा हल्कादेखि मध्यम वर्षा हुने र थोरै स्थानमा मेघगर्जन, चट्याङसहित भारी वर्षा हुने सम्भावना मौसमविद् अधिकारीको भनाइ छ ।

यसैगरी, आज राति देशभर सामान्यदेखि पूर्ण बदली रहनेछ । कोशी, मधेस, बागमती, गण्डकी र लुम्बिनी प्रदेशका केही स्थानमा र बाँकी प्रदेशका थोरै स्थानमा हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको महाशाखाद्वारा प्रकाशित बुलेटिनमा उल्लेख छ । कोशी, बागमती, गण्डकी र लुम्बिनी प्रदेशका एक/दुई स्थानमा मेघगर्जन, चट्याङसहित भारी वर्षाको सम्भावना रहेकाले सावधानी अपनाउनसमेत महाशाखाले सबैमा आग्रह गरेको छ ।



**उद्धार कार्यमा नेपाली सेना :** रौतहटको दुर्गाभगवती गाउँपालिका–३, मत्सरीमा बाग्मती नदीको कटान रोक्न स्थानीयसँगको सहकार्यमा तटबन्ध निर्माण गर्दै नेपाली सेना । तस्बिर : सौजन्य नेपाली सेना/रासस

# चिकित्सा शिक्षा ऐन तथा नियमावली संशोधन गर्न माग

काठमाडौं, ६ भदौ/रासस

निजी प्राविधिक शिक्षालय सञ्चालकले चिकित्सा शिक्षा ऐन तथा नियमावलीमा भएको केही प्रावधानलाई संशोधन गर्न माग राखेका छन् । सो ऐन तथा नियमावली एवं चिकित्सा शिक्षासँग सम्बन्धित समस्या सम्बोधन हुनुपर्ने माग गर्दै उनीहरू धर्नामा समेत बस्दै आएका छन् ।

ती मागका विषयमा सरकारसँग पटकपटक छलफल भएपनि सहमति भने हालसम्म भएको छैन । चिकित्सा शिक्षा ऐन तथा नियमावलीलाई संशोधन गर्नुपर्ने, नर्सिङ शिक्षामा देखिएका समस्या समाधान गर्नुपर्ने, नर्सिङ कलेज सञ्चालनका लागि एक सय शय्याको अस्पताल हुनुपर्ने व्यवस्थामा परिमार्जन गर्नुपर्नेलगायतका मुख्य माग उनीहरूको रहेको छ ।

सो ऐन तथा नियमावलीमा भएका व्यवस्थाले मुलुकभरका केही नर्सिङ तथा अन्य शैक्षिक संस्था बन्द हुँदा अर्बौं रुपैयाँ लगानी डुबेको आन्दोलरत शिक्षालय सञ्चालकको भनाइ छ ।

विगतमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् (सिटिइभिटी) अन्तर्गत सञ्चालनमा रहेका शिक्षालयलाई चिकित्सा शिक्षा ऐन तथा नियमावलीले अप्ठ्यारोमा पारेको सङ्घर्ष समितिका संयोजक निर्मल सापकोटाले जानकारी दिए । चिकित्सा शिक्षा ऐन २०७५ सालमा जारी भएको थियो । सोही ऐनका आधारमा २०७८ सालमा नियमावली आएको थियो । सो ऐनमा स्नातक तहको नर्सिङ कार्यक्रम सञ्चालन गर्ने शिक्षालयको दुई वर्षभित्र एक सय शय्याको आफ्नै अस्पताल हुनुपर्ने व्यवस्था गरिएको छ ।

उक्त ऐन आउनुअघि नर्सिङ कलेजहरूमा एक सय शय्याको आफ्नै अस्पताल नभए पनि अन्य अस्पतालसँग सम्झौता गरेर पठनपाठन सञ्चालन गर्न सकिने प्रावधान थियो । उक्त व्यवस्था कार्यान्वयन गर्न कठिन हुने उनले बताए ।

नियमावली कार्यान्वयनमा आएपछि मुलुकभरका २२८ शिक्षालय बन्द भइसकेको संयोजक सापकोटाले जानकारी दिए । "चिकित्सा शिक्षा आयोगले तोकेको शुल्कका आधारमा औसत शुल्क प्रतिविद्यार्थी रु पाँच लाख ४३ हजारका दरले हिसाब गर्दा वार्षिक रु ७२ करोड ५४ लाख ४८ हजार बराबरको छात्रवृत्ति खेर गएको छ," उनले भने, "शैक्षिक संस्था बन्द हुँदा करीब रु १५ अर्ब लगानी डुबेको छ । सात हजारभन्दा बढी शिक्षक र कर्मचारीले रोजगार गुमाएका छन् ।" विगतमा सिटिइभिटी ऐन अनुसार सञ्चालन भइरहेका यी शिक्षालय सञ्चालनका लागि राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ ले नयाँ व्यवस्था गरेपछि समस्या परेको सङ्घर्ष समितिका संयोजक सापकोटाले जानकारी दिए ।

# अझै अघि बढेन मेडिकल कलेज निर्माण प्रक्रिया

महोत्तरी, ६ भदौ/रासस

लामो समयदेखि अल्झेको बर्दिवास मेडिकल कलेजको पूर्वाधार निर्माणको प्रक्रिया अघि नबढ्दा यहाँ निराशा बढेको छ । कलेज निर्माण रोक्न परेको रिट सर्वोच्च अदालतले गत जेठ अन्तिम साता नै खारेज गरे पनि पूर्वाधार निर्माणको काममा प्रक्रिया अघि नबढेपछि महोत्तरीसहित मधेसका जिल्लाहरूमा निराशा बढेको हो ।

"खै सर्वोच्च अदालतमा रिट परेर काम अघि नबढेको भनिन्थ्यो, अब त सर्वोच्चले पनि रिट खारेज गरेर निर्माण प्रक्रिया अघि बढाउन बाटो खोलिदियो, तर कुरो अड्केको अड्क्यै छ," बर्दिबास–२ का बासिन्दा नेपाली काङ्ग्रेसका महोत्तरी–१ का क्षेत्रीय अध्यक्ष महेशकुमार झा भन्छन्, "अब प्रक्रिया अघि बढ्न केले दिएन, त्यो पनि थाहा भएन ।" झा कलेज निर्माणका लागि नेपाल सरकारले गठन गरेको जग्गा छनोट सिफारिश समितिका सदस्य पनि हुन् ।

झा मात्र नभएर महोत्तरीको बर्दिवास भेगका आम सर्वसाधारण पनि कलेज पूर्वाधार निर्माणको प्रक्रियाले गति नलिंदा चासो बढाउँदै छन् । मेडिकल कलेजले चिकित्सा क्षेत्रको दक्ष जनशक्ति तयार गर्ने मात्र नभई ठाउँको विकासमा प्रभाव पार्ने हुँदा महोत्तरीमा अहिले यसबारे चासो बढेको हो । कलेज निर्माणको कुराले व्यापारिक र अन्य कारोबार पनि बढाउने हुँदा आम सर्वसाधारणले पनि चासो देखाएका हुन् । "कलेज निर्माणको कुरा बढे योसँगै जोडिएर कैयन सम्भावना बढ्थे, उद्योगधन्दा, शहरी विकास र रोजगार प्रवर्द्धनका पक्ष पनि फराकिलो बन्दै जाने थियो," बर्दिवास उद्योग वाणिज्य सङ्घका अध्यक्ष विष्णु खड्का भन्छन्, "कैयौं उद्योगीले कलेज निर्माणको कुरासँग जोडेर बुनेका सपना यो प्रक्रिया अघि नबढ्दा चिन्तित छन् ।"

कलेज निर्माण रोक्न भन्दै २०७८ माघमा दर्ता भएको रिट सर्वोच्च अदालतले गत जेठ २९ गते खारेज गरेको हो । रिट खारेज गर्दै अदालतले प्रस्तावित जग्गामा भएका रुख कटान गर्नुअघि बर्दिवास मेडिकल कलेज पूर्वाधार विकास आयोजनाले काटिनेभन्दा दोब्बर सङ्ख्या बढी रूखका बिरुवा रोपण गर्ने, पाँच वर्षसम्म संरक्षण गर्ने र रोपिएका बिरुवाको वन तथा वातावरण मन्त्रालयबाट नियमित अनुगमनको सुनिश्चितता गर्न स्पष्ट निर्देश गरेको छ।

अदालतले रिट खारेज मात्र नगरेर निर्माण कार्य अघि बढाउन गरिनुपर्ने कामबारे स्पष्ट निर्देश गरेको हुँदा आयोजनाको काम अघि बढ्न बाटो खुले पनि रिट दर्ताअघिका अघि बढ्नुपर्ने प्रक्रिया अझै जहाँको त्यहीं अड्केका यस मुद्दाको बहसमा सहभागी अधिवक्ता टीकाध्वज खड्का बताउँछन् । "अदालतले त निर्माण कार्य अघि बढोस् नै भन्न चाहेको छ, त्यसैले रिट खारेज गर्दै निर्माण थालिनुपूर्व गरिनुपर्ने कामबारे आदेशमा स्पष्ट पारेको छ," अधिवक्ता खड्का भन्छन्, "अब आयोजना र यससँग सम्बद्ध निकायले अदालतको आदेश पूर्ण परिपालनाको सुनिश्चितता देखाएर प्रक्रिया अघि बढाउनुपर्छ ।"




यसका लागि आयोजना, बर्दिवास नगरपालिका, यहाँका शैक्षिक तथा सामाजिक सङ्घसंस्थाहरू र आम नागरिक समाजले अदालती आदेश अनुसारको कार्य तत्काल बढाउनुपर्ने धनुषा जिल्लाको मिथिला नगरपालिका–१० का अध्यक्ष सविनविक्रम थापा बताउँछन् । "अदालतले यो यो काम गर भनेकै छ, त्यस अनुसार सम्बद्ध पक्ष अघि बढे त हुन्छ नि," थापा भन्छन् ।

यता बर्दिबास नगरपालिकाले कलेजका पूर्वाधार निर्माण गर्दा काटिन सक्ने रूखका कारण पर्यावरणमा पर्न सक्ने प्रतिकूल असर रोक्न २०७८ देखि नै वृक्षारोपण अभियान थालिएको जनाएको छ । २०७८ को वर्षायाम (साउन/भदौ)मा नै नगर क्षेत्रका विभिन्न ठाउँमा ३० हजार नयाँ बिरुवा रोपण गरिएकामा १५ हजार हाराहारीका बिरुवा राम्ररी सरेका छन् । त्यसको गोडमेल, पुनः रोपण, आवश्यक मल र सिंचाइ सुविधाका लागि आवश्यक प्रबन्ध र जनशक्ति व्यवस्थापन गरिएको बर्दिवास नगरप्रमुख प्रह्लादकुमार क्षत्री बताउँछन् ।

"नगरपालिकाले कलेज निर्माण गरिँदा काटिन सक्ने रूखको परिपूर्तिका लागि २०७८ देखि नै वृक्षारोपण थालेको छ," क्षत्री भन्छन्, "अहिले अदालतले यसै आशयको आदेशसमेत गरेको छ, हामी सो आदेशको पूर्ण परिपालना गरेर अघि बढ्दैछौं ।" नगरप्रमुख क्षत्रीका अनुसार रोपिने बिरुवा ब्याडमा तयार हुँदैछन्, यो बर्खाकालको अन्त्यसम्म नगर क्षेत्रमा ४० हजार नयाँ बिरुवा रोपिनेछन् । यसअघिका र अब रोपिनेसहित कम्तीमा ५० हजार नयाँ बिरुवा हुर्काएर डिभिजन वन कार्यालय, महोत्तरीलाई जिम्मा लगाइनेछ ।

यसैबीच, बर्दिवास मेडिकल कलेज पूर्वाधार विकास आयोजना कार्यालयका निर्देशक देवीप्रसाद सुवेदी सर्वोच्चको आदेशको निर्देशन अनुसारका काम अघि बढाउन सम्बद्ध पक्षहरूसँग छलफल र निर्माण कार्य थालिनुपूर्वका अन्य प्रक्रियागत काम थालिएको बताउँछन् । "सर्वोच्चमा रिट पर्नुअघि प्रक्रिया जहाँ पुगेर अड्केको थियो, अब त्यहींबाट प्रारम्भ गर्नुपर्छ," सुवेदी भन्छन्, "यसबाहेक अहिले अदालतले थप निर्देश गरेका विषय सम्बोधन गर्दै हामी अघि बढ्दैछौं ।" रिट पर्नुअघि प्रस्तावित जग्गाको भोगाधिकार प्रस्ताव वन तथा वातावरण मन्त्रालयमा पुगेको र अब सो भोगाधिकार प्राप्त गरेर अन्य प्रक्रिया अघि बढ्ने सुवेदीले जानकारी दिए । उनी भन्छन्, "आयोजना र बर्दिवास नगरपालिकाले अदालतको आदेश अनुसारका काम अघि बढेको जनाउ दिइसकेका छन् ।"

हालसम्मका भएका काम र अबका कामबारे आयोजनाले सरोकारवालाहरूबीच भएका छलफलमा स्पष्ट पारिँदै आइएको जनाएको छ । "आयोजनाको काम बढाउन अब जग्गा भोगाधिकारको प्रक्रिया टुङ्गिनुपर्छ, जग्गाको भोगाधिकारसम्बन्धी फाइल वन तथा वातावरण मन्त्रालयबाट टुङ्गिएर विस्तृत परियोजना प्रतिवेदन शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत भएपछि काम अघि बढ्ने बाटो खुल्नेछ," निर्देशक सुवेदीले भने । त्यसपछि बजेट व्यवस्थापनको पक्ष महत्त्वपूर्ण हुने सुवेदी बताउँछन् । अहिलेसम्म एक हजार शय्याको अस्पतालसहित कलेजको पूर्वाधार निर्माण गर्न रु २८ अर्ब ५४ करोड बजेट चाहिने आयोजना प्रस्तावमा उल्लेख छ ।


बर्दिबास–४ माईस्थानको अटाबे खोल्सी पूर्व र भब्सीखोला पश्चिमको ५४.५८४ हेक्टर क्षेत्रफलभित्र कलेज निर्माणका लागि प्रस्ताव गरिएको वन क्षेत्रको जग्गामा साना–ठूला गरी हाल एक हजार ९६७ रुख छन् । निर्माण गरिने संरचना धेरैजसो भब्सी नदी उकास क्षेत्रमा पारिने हुँदा प्रस्तावित क्षेत्रमा रहेका रूख पनि सबै नकाटिने आयोजना निर्देशक सुवेदी बताउँछन् । "प्रस्तावित क्षेत्रमा साना–ठूला गरी एक हजार ९६७ रुख गणना भएका छन्, त्यसमा पनि आधाभन्दा कम रुख काटिने गरी काम गरिने स्पष्ट पारिएको छ," सुवेदीले भने ।

नेपाल सरकारको आर्थिक वर्ष २०७३/७४ को नीति तथा कार्यक्रममा समावेश भई मुलुकका सातवटै प्रदेशमा एक/एक वटा मेडिकल कलेज स्थापना गर्ने अवधारणा अनुसार मधेस प्रदेशमा बर्दिवास मेडिकल कलेज निर्माणको कुराले औपचारिकता पाएर तदनुरूप काम अघि बढेको हो । जग्गा छनोट सिफारिश समितिको सिफारिश अनुसार जग्गा छनोट, जग्गाको विस्तृत सर्वेक्षणसहित कलेजको गुरुयोजना, निर्माणस्थलको माटो परीक्षण र वातावरणीय प्रभाव मूल्याङ्कन (इआइए)सहितका प्राविधिक पक्षका काम सम्पन्न भएका छन् । अब वन तथा वातावरण मन्त्रालयबाट जग्गाको भोगाधिकार र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट विस्तृत परियोजना प्रतिवेदन स्वीकृत भएर बजेट व्यवस्थापन गरिएपछि पूर्वाधार निर्माणको कामले गति लिने बताइएको छ ।

कलेजका लागि प्रारम्भमा १०१ हेक्टर क्षेत्रफलको वन क्षेत्र प्रस्ताव गरिए पनि पर्यावरणीय पक्षलाई आत्मसात् गरी विज्ञहरूको सल्लाहमा ५४.५८४ क्षेत्रफलमा झारिएको हो । भब्सी नदी पश्चिमी किनारमा आवागमनको पक्की (कालोपत्र)सहितको तटबन्ध निर्माण गरी भूक्षय रोकिने, कमसेकम रुख काटिने गरी पूर्वाधार निर्माण गरिने, पूर्वाधार निर्माण क्षेत्रमा हरित पार्क बनाइने र मिथिला संस्कृति झल्कने सङ्ग्रहालयसहित जैविक विविधता संरक्षण गरिने आयोजना प्रस्तावनाको प्रतिबद्धता छ ।

मेडिकल कलेज बर्दिवासको मात्र नभएर मधेस प्रदेशकै राष्ट्रिय महत्त्वको आयोजना भएको हुँदा यसमा देखिएका सानातिना अड्चनको समाधान गर्दै अघि बढ्नुपर्ने यहाँका बुद्धिजीवीहरू बताउँछन् । "प्रत्येकजसो विकास निर्माणका काममा केही गतिरोध आउँछन्, तर अब शिक्षाको ज्योति छर्ने यो प्रस्तावले गति लिने विश्वास जागेको छ," बर्दिबास जनता बहुमुखी क्याम्पसका प्राज्ञसभाका अध्यक्ष भरत हमाल भन्छन्, "केन्द्र, प्रदेश र स्थानीय तहका राजनीतिक नेतृत्वले दूरदर्शी सोचका साथ यो प्रस्ताव अघि बढाउन संयुक्त पहलकदमी लिऊन् ।"

एक हजार शय्याको आधुनिक प्रविधिको साधन सुविधायुक्त अस्पतालसहितको कलेजको पूर्वाधार निर्माणमा रु २८ अर्ब ५४ करोड लागत लाग्ने विस्तृत परियोजना प्रतिवेदनको हालसम्मको अध्ययनले देखाएको छ । हालसम्म यस आयोजनामा रु छ करोडभन्दा बढी खर्च भइसकेको छ । कलेजको पूर्वाधार निर्माणमा अहिले जग्गा प्राप्तिको विषय नटुङ्गिदा थप काम अघि बढ्न सकेको छैन । यो विषयले गति लिनासाथ पूर्वाधार निर्माणको विषयले प्रवेश पाउने र यससम्बन्धी प्रक्रिया अघि बढ्ने आयोजना कार्यालयले जनाएको छ ।



बागलुङ जिल्लाको ताराखोला गाउँपालिका–३ स्थित सुन्दर हिल गाउँ । परम्परागत ढुङ्गेघरका कारण हिलको एकीकृत बस्ती मनै लोभ्याउने खालको छ । तस्बिर : खेमराज गौतम/रासस

## फरक समाचार

# उमेर घटाउने र बढाउने खाद्य पदार्थ

हामीले सधैं खानेकुराले हाम्रो उमेर बढाउँछ वा घटाउँछ, यसबारे अमेरिकी वैज्ञानिकले अनुसन्धान गरेका छन् । वैज्ञानिकको भनाइ छ–साधारणतया हामीले खाने कुराले हाम्रो उमेर घटाइरहेको हुन्छ । जस्तै हटडग खाएपछि मनुष्यको



उमेर ३६ मिनेट घट्छ, त्यस्तै बदामको नून मिसिएको गेडा खानाले उमेरमा २६ मिनेटसम्म वृद्धि हुन्छ ।

खानपानमाथि रिसर्च गर्ने मिशिगन विश्वविद्यालयका वैज्ञानिकले ५ हजारभन्दा बढी खाने कुरामाथि अध्ययन गरे, जसले मनुष्यको स्वास्थ्यमाथि असर पार्थ्यो । वैज्ञानिकले प्रतिदिन खाने कुरा तयार गर्दा र त्यसलाई फालेपछि पर्यावरणमाथि कस्तो असर पर्छ, यसमाथि पनि अध्ययन गरेका थिए ।

शोधकर्ताले हटडग, पिज्जा, योगर्टलगायत ५ हजार ८ सय खाने कुरामाथि अनुसन्धान गरेका छन् । यी खानेकुराको स्वास्थ्य र पर्यावरणमाथि असरबारे पनि अध्ययन गरे । उनीहरूले उमेर बढाउने र घटाउने खानेकुराको सूची बनाए । यसको नाम राखे हेल्थ न्युट्रिशन इन्डेक्स । यस इन्डेक्सलाई ग्लोबल बर्डन ओड डिजिजको आधारमा तयार गरिएको छ ।

कुन वस्तु खाएपछि जीवन घट्छ, यो हटडगको लागि गरिएको गणनाबाट बुझ्न सकिन्छ । वैज्ञानिकहरू भन्छन्– एक ग्राम प्रोसेस्ड मासु खाने अमेरिकीको उमेर ०.४५ मिनेट घट्छ । यसप्रकार ६१ ग्राम प्रोसेस्ड मासु भएको हटडगबाट जीवनको २७ मिनेट कम हुन्छ । यसको अलावा वैज्ञानिकले यसमा हुने सोडियम र ट्रान्सफैटको स्तर हेरे ।

वैज्ञानिकको भनाइ छ बिफ र प्रोसेस्ड मासुबाट लिइने क्यालोरीको १० प्रतिशत भाग फल, तरकारी र गेडागुडीबाट पूरा गर्नुपर्छ । यस्तो गर्दा तपाईंको जीवनको अतिरिक्त ४८ मिनेट बढ्छ र स्वस्थ रहन सक्नुहुन्छ । यसको साथै करीब एकतिहाई डाइटरी कार्बन फूटप्रिन्टसलाई घटाउन सकिन्छ ।

मिशिगन युनिभर्सिटीमा पर्यावरण स्वास्थ्य विशेषज्ञ ओलिवर जुलियटको भनाइ छ– यस समय खानपानमा बदलाव गरेर मनुष्यलाई स्वस्थ राख्नुको साथै पर्यावरण पनि सफा राख्न निकै जरूरी छ ।

**उमेर बढाउने खानेकुरा:** पिनट बटरले ३३ मिनेट, नून मिसिएको बदामले २६ मिनेट, बेक्ड साल्मन माछाले १६ मिनेट, राजमा–भातले १३ मिनेट, केराले १३.५ मिनेट, गोलभेंडाले ३.८ मिनेट, एभोकाडोले ३.८ मिनेट, एप्पल पाइले २६ मिनेट उमेर बढाउँछ ।

**उमेर घटाउने खानेकुरा:** हटडगले ३६ मिनेट, सफ्ट पेय पदार्थले १२.४ मिनेट, डबल चीजबर्गरले ८.८ मिनेट, पिज्जाले ७.८ मिनेट, चिकेन विङ्ले ३.३ मिनेट उमेर घटाउँछ ।

# कागको पनि कोलेस्ट्रोल बढ्छ

मनुष्यसरह कागको पनि कोलेस्ट्रोल बढ्छ, विशेषगरी शहरी क्षेत्रमा बस्ने



कागहरूको । न्युयोर्कको हेमिल्टन कलेजका शोधकर्ताहरूका अनुसार शहरी क्षेत्रमा बस्ने कागमा कोलेस्ट्रोलको स्तर ग्रामीण क्षेत्रमा बस्ने कागको तुलनामा ५ गुना बढी थियो । अनुसन्धान अनुसार कोलेस्ट्रोल बढ्नुको कारण शहरी क्षेत्रमा कागहरूले चीज बर्गर बढी खाएको बताइएको छ ।

शोधकर्ताले शहरी र ग्रामीण क्षेत्रका १४० वटा कागको रगतको नमूना लिएर जाँच गरे । शोधकर्ताले उनीहरूको बडी मास र शरीरमा रहेको बोसोको मात्रा पनि जाँच गरे । जाँचमा शहरी क्षेत्रमा रहने कागमा कोलेस्ट्रोलको स्तर बढी भेटियो । कोलेस्ट्रोलको स्तर बढ्नुको ठूलो कारण मनुष्य नै थिए ।

शोधकर्ता एन्ड्रिया टाउनसेन्ड भन्छिन्–मान्छेले कहिले कागलाई चीज बर्गर खुवाउँछन् भने कागले भुईंमा खसेको टुक्रा खान्छ । पक्षीमा कोलेस्ट्रोल बढिरहेको छ । यद्यपि यो भन्न गाह्रो छ कि यसले उनीहरूको स्वास्थ्यमा कति असर पर्छ । हुन सक्छ यसको असर अहिले नदेखियोस् तर भविष्यमा उनीहरूको स्वास्थ्यमा नकारात्मक असर पर्न सक्छ किनभने मनुष्यमा पनि यसको असर धेरै वर्षपछि देखिएको थियो ।

शोधकर्ताहरूको भनाइ छ पक्षीमा बढेको कोलेस्ट्रोलले हरेक प्रजातिलाई प्रभावित गर्दैन । शोधकर्ताहरूको टीमका अनुसार शहरी क्षेत्रमा बस्ने कागको सर्भाइबल रेट कम पाइएको थियो तर कोलेस्ट्रोलले उनीहरूलाई समस्या गर्दैन । यसले उनीहरूको शरीरलाई गुँडमा बस्न झनै उपयुक्त बनाउँछ । कोलेस्ट्रोल बढ्ने मामिला स्पेनको कैनेरी आइल्यान्डजीकै देखिएको छ, जहाँ मनुष्यको आवादी बढी छ । – प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

## अन्तर्राष्ट्रिय समाचार

# हवाई डढेलो: एक हजार एक सयजना बेपत्ता


लस एन्जल्स, ६ भदौ/एएफपी

संयुक्त राज्य अमेरिकाको हवाई राज्यको माउई जङ्गलमा लागेको डढेलो मानव बसोबास भएका स्थानमा फैलँदा त्यसमा परेर ज्यान गुमाउनेको सङ्ख्या ११५ पुगेको छ भने एक हजार एक सयजना अझै बेपत्ता छन् ।

भीषण डढेलो लागेको दुई हप्तापछि पनि अझै एक हजार एक सय सर्वसाधारण बेपत्ता भएका सङ्घीय जाँच ब्युरो (एफबिआई)ले जनाएको छ । एफबिआईले मृतकका अवशेषहरू पहिचान गर्न परिवारका सदस्यहरूलाई सघाउन अनुरोध गरेको छ ।

एफबिआईले सूचना तथा जानकारी सङ्कलनका निम्ति २४ घण्टा सञ्चालन हुने टेलिफोन सेवा शुरू गरिएको जनाउँदै पीडित परिवार एवं अन्यलाई आफूसँग भएका विवरणबारे अवगत गराउन आग्रह गरेको छ ।

प्रचण्ड गर्मीमा ठूलो विपत्ति बनेर आउने वन डढेलो टापु राज्य हवाईका निम्ति अभिशाप बनेको छ । दशकौंपछि भएको यो प्राकृतिक विपत्तिमा सुनामीमा भन्दा धेरैले ज्यान गुमाएका छन् । सन् १९६० को सुनामीमा ६१ जनाको मृत्यु भएको थियो भने त्यसको १४ वर्षअघिको सुनामीमा भने १६० जनाको मृत्यु भएको थियो । रासस



हवाई राज्यको माउई जङ्गलमा लागेको डढेलोले सखाप भएको मानव बसोबास क्षेत्र । तस्वीरः एएफपी

# चन्द्रयान-३ चन्द्रमामा अवतरण

नयाँ दिल्ली, ६ भदौ/एएनआई

चन्द्रयान-३ को 'ल्यान्डर मोडचुल' चन्द्रमाको दक्षिणी ध्रुवमा सफलतापूर्वक अवतरण गरेको छ ।

चार वर्षअघि चन्द्रयान-२ को दुर्घटनाग्रस्त अवतरणको निराशाको अन्त्य गर्दै चन्द्रयान-३ लाई चन्द्रमाको दक्षिण ध्रुवमा अवतरण गराएर ऐतिहासिक सफलता रच्न सफल भएको छ ।

यो ध्रुवमा पुग्ने भारत पहिलो देश बनेको छ । चन्द्रमाको सतहमा सफलतापूर्वक अवतरण गर्ने अमेरिका, चीन र रूसपछि भारत चौथो देश बनेको छ ।

भारतीय अन्तरिक्ष एजेन्सी इसरोको बेङ्गलोरस्थित मुख्यालयका अधिकारीहरूले चन्द्रयान-३ मार्फत पठाइएको ल्यान्डर मोडचुल विक्रमले आफ्नो अवतरण स्थलतर्फ आफ्नो ठाडो अवतरण शुरू गरेपछि ताली बजाएर खुशी मनाएका थिए ।

"भारत चन्द्रमामा पुगेको छ," जोहानेसबर्गमा आयोजित १५औं ब्रिक्स शिखर सम्मेलनमा भाग लिइरहेका भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले एप (ट्वीटर)मार्फत उक्त जानकारी दिए ।

विक्रमको चन्द्रमाको कक्षबाट अवतरणको यात्रा १५० मिटर, त्यसपछि १३० मिटर, ५० मिटर र चन्द्रमाको सतहमा पुग्नुअघि चन्द्रमानजीक आइपुग्दा तह अनुसार यसको गति घट्दै गएको थियो । विक्रम ल्यान्डरले प्रज्ञान रोभरलाई लिएर चन्द्रमाको सतहमा अवतरण गरेको हो । यो भारतका लागि अन्तरिक्ष यात्राको ठूलो फड्को हो ।

भारतले पृथ्वीको एकमात्र प्राकृतिक उपग्रहको दक्षिणतर्फ अवतरण गर्ने पहिलो देशको रूपमा रेकर्ड बनाएको छ । भारत र विश्वभरका अर्बौं मानिसहरूले बहुप्रतीक्षित कार्यक्रमलाई नजीकबाट नियालिरहेका थिए ।

विद्यालय र विज्ञान केन्द्रहरू र सार्वजनिक संस्थानहरूसहित देशभर अवतरणलाई विशेष स्क्रिनिङहरू जडान गरी हेरिएको थियो । इसरोले आफ्नो वेबसाइट, यसको युटचुब च्यानल, फेसबूक र सार्वजनिक प्रसारक डिडी नेशनल टिभीमा लाइभ कार्यहरू उपलब्ध गराएको थियो ।

चन्द्रमाको दक्षिणी ध्रुवमा चन्द्रयान-३ को अवतरण (सफ्ट ल्यान्डिङ)का लागि २३ अगस्त २०२३ (बुधवार) भारतीय समय १८:०४ बजेलाई निर्धारण गरेको थियो । निर्धारित समयमा नै अवतरण भएको हो ।

इन्डियन स्पेस रिसर्च अर्गनाइजेशन (इसरो)ले गत असार २९ गते दक्षिण भारतको आन्ध्र प्रदेशस्थित सतीश धावन अन्तरिक्ष केन्द्रबाट प्रक्षेपण गरिएको थियो । 'एलभिएम-३' रकेटले अन्तरिक्ष यानलाई अन्तरिक्षमा पुऱ्याएको थियो ।

भारतले अन्तरिक्ष यानलाई चन्द्रमाको अर्बिट (कक्ष)मा सफलतापूर्वक पुऱ्याएको यो तेस्रोपटक हो । इसरोले यसअघि नै अगस्त ५ मा 'चन्द्रयान-३' चन्द्रमाको कक्षमा पुग्ने बताएको थियो । रासस

## आजको राशिफल

| | |
|---|---|
| मेष — धनखति | वृष — भाग्योदय |
| मिथुन — खर्चवृद्धि | कर्कट — मनोरञ्जन |
| सिंह — कर्मप्राप्ति | कन्या — राज्यलाभ |
| तुला — वादविवाद | वृश्चिक — यात्रालाभ |
| धनु — कडापरिश्रम | मकर — कार्यनाश |
| कुम्भ — उदरपीडा | मीन — विजय |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

## रानीघाट-पोखरिया बस समिति

भिस्वा- बिहान ७:४० बजे
भिस्वा- बिहान १०:०० बजे
भिस्वा- मध्याह्न १२:०० बजे
भिस्वा- दिउँसो १:३० बजे
दसौता- दिउँसो २:३० बजे
सेढवा- दिउँसो ३ बजे
देउरिया- दिउँसो ३:१५ बजे
भिस्वा- दिउँसो: ३:४० बजे

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ ।
बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com

# हुलास स्टीलका मजदूरको उपचारको क्रममा मृत्यु

प्रस, परवानीपुर, ६ भदौ/

जीतपुरसिमरा उपमहानगरपालिका बाराको सिमरास्थित हुलास स्टीलमा कार्यरत एकजना मजदूरको उपचारको क्रममा वीरगंज गण्डकस्थित स्पर्श हस्पिटलमा मृत्यु भएको छ ।

बुधवार दिउँसो साढे १२ बजे उपचारको क्रममा वीरगंज-१४ ठूलो पिपरा बस्ने वर्ष ४६ का वीरेन्द्रराउत कुर्मीको उपचारको क्रममा मृत्यु भएको हो ।

हुलास स्टीलमा लामो समयदेखि चालक पदमा कार्यरत कुर्मी आज बिहान ६ बजे डच्युटीमा हाइड्राबाट फलामको क्वाइल ओसारपसार गर्दा हाइड्राको हुक भाँचिएर शरीरमा खस्दा गम्भीर घाइते भएका थिए । ढाड र बायाँ हातमा गम्भीर चोट लागेको कुर्मीलाई सिमराको अस्पतालमा उपचार सम्भव नभएपछि बिहान ९ बजे स्पर्श हस्पिटलमा भर्ना गरिएको थियो र उपचारको क्रममा उनको मृत्यु भएको अस्पतालका चिकित्सक डा राहुल चौरसियाले बताए । तर मृतक मजदूर कुर्मीका छोरा विक्रम पटेलले स्पर्श हस्पिटलमा प्रभावकारी सेवा नभएको र अन्यत्र लैजान खोज्दा त्यहाँका चिकित्सकले नै ठीक गर्ने आश्वासनमा रोकेको बताए । मृत्युपछि अस्पतालमा परिवारजनले होहल्ला गरेका थिए र ठूलो मात्रामा सुरक्षाकर्मी तैनाथ गरिएको थियो । पछि अस्पताल, मृतक पक्ष र उद्योगका प्रतिनिधिबीच छलफल भएर सहमति भएको थियो । वीरगंज महानगरपालिका-१४ का अध्यक्ष महबुब मियाँ एलाहीले परिवारका एकजनालाई स्थायी जागीर दिने, उचित क्षतिपूर्ति दिने सहमति भएपछि शल्यक्रिया गरेर अन्त्येष्टि गर्न परिवारजन राजी भएका बताए ।

# अमिन घूससहित पक्राउ

प्रस, वीरगंज, ६ भदौ/

अख्तियार दुरुपयोग अनुसन्धान आयोग, बर्दिवासको टोलीले बुधवार लहानको नापी कार्यालयबाट सेवाग्राहीसँग घूस लिएबापत एकजना अमिनलाई रङ्गेहात समातेको छ ।

अख्तियारको टोलीले लहान नगरपालिका-१ मटिअर्वास्थित नापी कार्यालय लहान अन्तर्गतको २ नं नापी टोलीको कार्यालयमा छापामारी गरेको र सेवाग्राहीसँग घूसको रकम लिएको अवस्थामा अमिन चित्तरञ्जन यादवलाई रङ्गेहात समातेको जनाएको छ । साबिक तरेगाना गोविन्दपुर गाविसको जग्गा कित्ताकाटका लागि अमिन यादवले १० हजार घूस मागेका थिए र सेवाग्राहीले कार्यालयमा सो रकम दिएपछि अख्तियारले अमिन यादवलाई पक्राउ गरेको थियो । पक्राउ परेका अमिन यादवलाई आवश्यक कारबाहीको लागि अख्तियारको कार्यालय बर्दिवासमा राखिएको जनाइएको छ ।




प्रहरीको नियन्त्रणमा यादव । तस्वीरः प्रतीक

# युवकद्वारा आत्महत्या

प्रस, बिरुवागुठी, ६ भदौ/

वीरगंज महानगरपालिका-३१ भेडियाहीमा एकजना युवकले घरमैं पासो लगाएर आत्महत्या गरेका छन् ।

स्थानीय जीवतराम महराका २५ वर्षीय छोरा सूर्यप्रकाश रामले घरमा डोरीको पासो लगाएर आत्महत्या गरेको प्रारम्भिक अनुसन्धानबाट खुलेको प्रहरीले जनाएको छ । हिजो राति खाना खाएर आफ्नो कोठामा सुतेका महरा बिहान झुन्डिएको अवस्थामा देखा परेपछि परिवारजनले प्रहरीमा खबर गरेका थिए ।

शवलाई शल्यपरीक्षणका लागि नारायणी अस्पताल पठाइएको र घटनाबारेमा अनुसन्धान भइरहेको इलाका प्रहरी कार्यालय, पटेर्वासुगौलीका प्रहरी निरीक्षक रामराजा सिंह केशरीले बताए ।

### घट्यो ...

नेपालबाट रु ९६ करोड ४६ लाख छ हजारको अलैंची निर्यात भएको छ । त्यस्तै, चालू आवको पहिलो महीनामा रु ९५ करोड ६६ लाख ३९ हजार बराबरको उनीका गलैंचा तथा कार्पेट निर्यात भएको विभागको तथ्याङ्कमा उल्लेख छ ।

नेपाल नागरिक उड्डयन प्राधिकरण

## सिमरा नागरिक उड्डयन कार्यालय

सिमरा, बारा

### विमानस्थल क्षेत्रभित्र विज्ञापन बोर्ड राख्नेसम्बन्धी बोलपत्र आह्वानको सूचना २०८०/८१

(प्रकाशित मितिः २०८०/०५/०७)

यस विमानस्थल क्षेत्रभित्र टर्मिनल भवनको बाहिर विभिन्न स्थानमा सिलबन्दी बोलपत्रको माध्यमद्वारा विज्ञापन बोर्ड राख्नको लागि ठेक्का बन्दोबस्तमार्फत दिनुपर्ने भएकोले इच्छुक फर्म/कम्पनी/संस्थाहरूबाट निम्न अनुसारको रीत पुगेको सिलबन्दी बोलपत्र आह्वान गरिन्छ । बोलपत्र फाराम यो सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिनभित्र कार्यालय समयमा यस कार्यालयको प्रशासन शाखाबाट खरीद गरी ३१औं दिनको १२ बजेभित्र प्रशासन शाखामा दर्ता गराउनुपर्नेछ । बोलपत्र फाराम खरीद तथा दर्ता गर्ने अन्तिम दिन बिदा परेमा सोको भोलिपल्ट वा लगत्तै कार्यालय खुलेको दिन तत् समयभित्र फाराम खरीद तथा दर्ता गराउन सकिनेछ । दर्ता हुन आएका सिलबन्दी बोलपत्र दर्ता गर्ने अन्तिम दिनको २:०० बजे यस कार्यालयमा बोलपत्रदाता स्वयम् वा निजका प्रतिनिधिको रोहबरमा खोलिनेछ । बोलपत्रदाता उपस्थित नभए तापनि बोलपत्र खोल्न बाधा पर्नेछैन ।

**शर्तहरू**

१. ठेक्कामा भाग लिन इच्छुक फर्म/संस्था/कम्पनीले आफ्नो इजाजतपत्र र फर्म वा कम्पनी दर्ता प्रमाणपत्र (नवीकरण गरिएको)/प्यान/मूअकर दर्ता प्रमाणपत्र र करचुक्ताको प्रमाणित प्रतिलिपिहरू पेश गर्नुपर्नेछ ।
२. बोलपत्र फाराम रु ३३९०।- (तीन हजार तीन सय नब्बे मात्र) (मूअकरसमेत) (पछि फिर्ता नहुनेगरी) नेपाल नागरिक उड्डयन प्राधिकरणको विशालबजारस्थित राष्ट्रिय वाणिज्य बैंकको राजस्व खाता नं १०९०१०००६४९१७००१ मा दाखिला गरेको सक्कल भौचर पेश गरी यस कार्यालयको प्रशासन शाखाबाट खरीद गर्न सकिनेछ ।
३. बोलपत्रमा आफूले कबुल गरेको रकम अङ्क र अक्षरमा स्पष्ट लेख्नुपर्नेछ । अङ्क र अक्षरमा फरक परेमा अक्षरमा उल्लिखित रकमलाई मान्यता दिइनेछ ।
४. सम्झौताको अवधि छ वर्षको हुनेछ । बोलपत्रदाताले आफूले छ वर्षको लागि कबोल गरेको रकमको पाँच प्रतिशतले हुन आउने रकम जमानतबापत सिमरा नागरिक उड्डयन कार्यालयको नाममा रहेको एभरेस्ट बैंकस्थित धरौटी खाता नं ००७००१०५०००१५२ मा जम्मा गरेको सक्कलै भौचर वा सो रकम बराबरको नियम अनुसारको बैंक जमानत बोलपत्र साथ संलग्न राखी सिलबन्दी गरी खामबाहिर बोलपत्र पेश गर्नेको पूरा नाम, ठेगानाका साथै "विमानस्थलभित्र विज्ञापन बोर्ड राख्नेसम्बन्धी सिलबन्दी बोलपत्र फाराम" लेखी यस सिमरा नागरिक उड्डयन कार्यालयको नाउँमा तोकिएको म्यादमा, तोकिएको समयभित्र प्रशासन शाखामा दर्ता गराइसक्नुपर्नेछ । धरौटी जमानतको मान्य अवधि १२० दिनको हुनुपर्नेछ । नाघी आएमा वा अन्य रीत नपुगी प्राप्त हुन आएका बोलपत्रहरू उपर कुनै कारबाही गरिनेछैन ।
५. कुनै कारण जनाइ वा नजनाइ बोलपत्र स्वीकृत गर्ने वा नगर्ने भन्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।
६. बोलपत्र स्वीकृत भएमा स्वीकृत भएको जानकारी पाएको मितिले १५ (पन्ध्र) दिनभित्र कबोल रकमको २५ प्रतिशतले हुन आउने रकम कार्यसम्पादन जमानतबापत सिमरा नागरिक उड्डयन कार्यालयको नाममा रहेको एभरेस्ट बैंकस्थित धरौटी खाता नं. ००७००१०५०००१५२ मा जम्मा गरी सोको सक्कल भौचर वा सो रकम बराबरको कम्तीमा छ वर्ष छ महीना अवधि भएको कानूनबमोजिमको बैंक जमानत र कबोल गरेको रकमको प्रथम किस्ताबापतको रकम नेपाल नागरिक उड्डयन प्राधिकरणको विशालबजारस्थित राष्ट्रिय वाणिज्य बैंकको राजस्व खाता नं १०९०१०००६४९१७००१ मा दाखिला गरेको सक्कल भौचरसहित सम्झौता गर्न आउनुपर्नेछ । म्यादभित्र सम्झौता गर्न नआएमा सोबापत राखेको धरौटी रकम जफत गरिनेछ । यसरी जमानत जफत गरिसकेपछि दोस्रो बढी कवोल गर्ने लाई दिन सकिनेछ ।
७. विज्ञापन बोर्ड राख्ने स्थान, बोर्डहरूको आकार र क्षेत्रफलसम्बन्धी विवरण तथा बुझाउनुपर्ने किस्ताको तालिका कार्यालयको सूचनापाटी र वेबसाइटमा राखिएको छ । रीत पुगी सबैभन्दा बढी रकम कबोल गर्ने प्रस्तावकको प्रस्ताव स्वीकृत गरिनेछ ।
८. विमानस्थलभित्र विज्ञापन बोर्ड राख्नेसम्बन्धी ठेक्काको पाँच वर्षको लागि न्यूनतम मूल्य रु ५१,३८,०५०/-(अक्षरेपि एकाउन्न लाख अठतीस हजार पचास मात्र) हुनेछ । न्यूनतमभन्दा कम रकम कबोल गर्ने बोलपत्र उपर कारबाही गरिनेछैन । कबोल गरेको रकमलाई १५ (पन्ध्र) किस्ता कायम गरी चौमासिकरूपमा अग्रिम बुझाउनुपर्नेछ ।
९. यस सम्बन्धमा कुनै जानकारी लिनुपरेमा वा विज्ञापन बोर्ड राख्ने स्थानहरू हेर्न चाहेमा कार्यालय समयभित्र यस कार्यालय प्रशासन शाखामा सम्पर्क राखी जानकारी लिन वा हेर्न सकिनेछ । साथै थप विवरण यस कार्यालयको Website: simara.caanepal.gov.np र नेपाल नागरिक उड्डयन प्राधिकरणको Website: caanepal.gov.np मा समेत हेर्न सकिनेछ ।
१०. यसमा उल्लिखित नभएका अन्य कुराहरूका हकमा नेपाल नागरिक उड्डयन प्राधिकरण, आर्थिक नियमावली, २०५७ वा नेपाल सरकारको प्रचलित ऐन नियम अनुसार हुनेछ ।

# नदी उकास जमीन ठेकेदारको अघोषित डम्पिङ साइड

प्रस, निजगढ, ६ भदौ/

फोहर सङ्कलन गर्नुहोस्, मोहोर पाउनु हुन्छ अर्थात् फोहोर जम्मा गरेबापत पैसा दिने पाउने अभियान शुरू भएपनि प्रभावकारी हुन सकेको छैन ।

घर, होटल, पसलबाट दैनिक निस्कने फोहरको वर्गीकरण गरी नगरवासीसँग फोहर किन्ने र किनेको फोहर सङ्कलन गरी प्रशोधित गरेर व्यवस्थापन गर्ने ठेकेदार कम्पनी ग्रीन एन्ड क्लिन सिटी हेटौंडाले जनाए पनि यसको प्रभावकारिता भने न्यून देखिएको छ ।

पछिल्लो समय ग्रीन एन्ड क्लिन सिटीले पाँच महीनाअघि निजगढ–९ का टोल विकास संस्थालगायत वडाका अन्यलाई प्रशिक्षण दिई फोहरबाट मोहोर आर्जन गर्ने कार्यलाई प्रभावकारीरूपमा लैजाने बताएको थियो । तर ठेकेदार कम्पनीले उत्साहजनकरूपमा चासो नदिएको निजगढ–९ का अध्यक्ष रामचन्द्र कटुवालले बताए ।

स्थानीयलाई राम्रोसँग कुहिने वा नकुहिने फोहर, सीसा, धातुजन्य वस्तु वा फोहर कसरी छुट्याउने भन्नेबारेमा पनि राम्ररी बुझाउन नसक्दा ठेकेदार कम्पनीको भनाइ एकातिर र गराइ अर्कोतिर देखिएको उनको आरोप छ ।

त्यसैगरी, वडा नं ७ मा पनि घर, होटल, पसलबाट दैनिक निस्कने फोहरबाट मोहोर उपलब्ध गराउने गरी दैनिक उत्सर्जित फोहरलाई ठेकेदार कम्पनीले उचित व्यवस्थापन गर्न नसकेको वडाध्यक्ष टेकबहादुर लामा बताउँछन् ।

ठेकेदार कम्पनीले नगरवासीलाई फोहरलाई कसरी छुट्याउनेबारे बुझाउन नसकेको वडाध्यक्ष लामाले बताए । मुखले भनेझैं भटाभट फोहर सङ्कलन गर्दै नगरवासीलाई मोहोर उपलब्ध गराउनुपर्नेमा अहिलेसम्म ठेकेदार कम्पनीको कार्य सन्तोषजनक नरहेको उनको भनाइ छ ।

निजगढको फोहरको उचित व्यवस्थापनको जिम्मेवारी लिएको ग्रीन एन्ड क्लिन सिटीका सञ्चालक नवराज खतिवडाले आफूहरूले चाहेजस्तो गरी काम गर्न नसकेको बताए । उनले कबाडीका सामान खरीद गर्नेहरूबाट बढी मूल्य पाउने हुँदा नगरवासीको आकर्षण कबाडीतर्फ रहेकाले फोहरबाट मोहोर पाउने अभियानले तीव्रता पाउन नसकेको उनको बुझाइ छ ।



निजगढबाट दैनिक निस्कने फोहर बकैया पुलको दक्षिण–पश्चिमतर्फको नदी उकास जमीनमा डम्पिङ गरेको दृश्य । तस्वीर : प्रतीक

निजगढको फोहरमैलाको उचित व्यवस्थापनका लागि अभियानका रूपमा अघि बढाउने उनले बताए । निजगढको राजमार्ग आसपासका क्षेत्रबाट दैनिक छदेखि आठ ट्याक्टर फोहर सङ्कलन हुने गरेको फोहर मैला व्यवस्थापनका इन्चार्ज अजल मलीले बताए ।

चाडपर्वका बेला राजमार्ग, सडक, सार्वजनिक चोक, प्रतीक्षालयलगायतका स्थानहरूको फोहर चाँडो उठदैन । निजगढका शहीदचोक, बुद्धचोक, बस प्रतीक्षालय जस्ता मुख्य सडक, चोक फोहरकै कारण कुरूप बन्ने गरेका छन् ।

ठेकेदार कम्पनीले पाँच वर्षसम्म निजगढको फोहरको उचित व्यवस्थापन गर्नेगरि रु ५० लाखमा निजगढ नपासँग सम्झौता गरे पनि सम्झौता अनुसारको काम गर्न सकेको छैन । सम्झौतापछि यहाँ उत्सर्जित फोहरलाई कानून, वन वातावरण संरक्षण, स्वच्छताविपरीत निजगढको बकैया पुलको दक्षिणतर्फको नदी किनारमा डम्पिङ साइट बनाइएको छ । त्यहाँ आगो लगाएर प्लास्टिक, सीसा, धातुजन्य वस्तुहरूको व्यवस्थापन गरिंदै आएको छ । यस प्रकारका गतिविधिको स्थानीयले विरोध गरेका थिए । विरोधका स्वर मत्थर पार्न ठेकेदार कम्पनीले अन्तर्क्रिया गरेर समस्याको समाधान गर्ने आश्वासन दिए पनि समस्या जस्ताको त्यस्तै छ ।

निजगढमा अहिलेसम्म घोषितरूपमा डम्पिङ साइट छैन । यसैको फाइदा उठाएर ठेकेदार कम्पनीले बकैया र भमरा खोलाको नदी उकास जमीनमा अघोषित डम्पिङ गर्दै आएको थियो । विरोध भएपछि अहिले राजमार्गको बकैया पुल दक्षिण–पश्चिम राष्ट्रिय वन क्षेत्रनजीकैको नदीभित्रको नदी उकास जमीनमा अघोषित डम्पिङ साइड बनाएर फोहर व्यवस्थापन गर्दै आएको छ ।

## जसपाका ...

जसपा नगर अधिवेसनमा केहि दिन अघि जसपाका प्रमुख सचेतक एवं सांसद प्रदीप यादवले जिल्ला अध्यक्ष र सचिवलाई लक्षित गरेर एनजिओकर्मी भएको र सोही अनुरूप जिल्ला कमिटी चलाएको आरोप लगाएका थिए । सचेतक एवं सांसद यादवले जिल्ला कमिटी पुर्नगठन हुनुपर्ने माग पनि राखेका थिए । त्यसको केहिदिन भित्र बसेको जिल्ला कमिटीको बैठकले सचेतक एवं सांसदको नाम नलिएर सो अभिव्यक्तिको विरोध गरेको थियो ।

पार्टीको जिम्मेवार पदमा आसिन व्यक्तिबाट मर्यादा उल्लंघन नहोस भनेर जिल्ला कमिटीले चेतावनी पनि दिएको थियो । लगत्तै बुधवार बसेको पर्सा क्षेत्र नं १ को क्षेत्रिय अधिवेसनमा जिल्ला अध्यक्ष रामनरेश यादवले पनि सचेतक एवं सांसद यादवको नाम नलिएर पार्टीको जिम्मेवार पदमा आसिन व्यक्तिले विधी, पद्धती चल्नु पर्ने, पदीय मर्यादामा रहेर अभिव्यक्ति दिनुपर्ने अन्यथा कार्यवाही हुने चेतावनी दिए । उनले यसअघि मन्त्रि पद नपाउँदा पार्टी कार्यालयमा तोडफोड मच्चाउने, अध्यक्ष विरूद्ध नाराबाजी गराउने र जिल्ला प्रवेशमा रोक लगाउने जस्ता अभिव्यक्ति दिनेले अहिले फेरी जिल्ला कमिटी विरूद्ध विष वमन गर्नु उचित नभएको तर्क गरे ।

क्षेत्रिय सभापति घनश्यामबाबु गुप्ताको अध्यक्षतामा भएको अधिवेसनमा उपाध्यक्ष अजय चौरसिया, सचिव तबरेज अहमद, वडाध्यक्षहरू महबुब एलाही, प्रशुराम चौरसिया, पुर्ववडाध्यक्ष श्यामबाबु चौरसियालगायतको सहभागिता थियो ।




# खेलकूदको संसार

## एशियाली खेलकूद : रग्बीमा नेपाल समूह 'ए'मा

काठमाडौं, ६ भदौ/रासस

आगामी असोज ६ देखि २३ गतेसम्म चीनको हाङझावमा हुने १९औं एशियाली खेलकूदमा नेपाल पुरुष रग्बी सेभेन्समा समूह 'ए'मा परेको छ । नेपालसँगै उक्त समूहमा हङकङ चाइना र फिलिपिन्स रहेका छन् ।

नेपालले पुरुष रग्बीमा मात्र सहभागिता जनाउँदै छ । पुरुष रग्बीमा जम्मा १२ राष्ट्रका खेलाडीले प्रतिस्पर्धा गर्नेछन् । सहभागी टीमलाई चार समूहमा विभाजन गरी लिग कम नकआउट आधारमा खेल खेलाइने भएको छ ।

यसैगरी, समूह 'बी'मा दक्षिण कोरिया, मलेशिया र चाइनिज ताइपेइ, समूह 'सी'मा जापान, सिङ्गापुर र थाइल्यान्ड तथा समूह 'डी'मा युनाइटेड अरब इमिरेट्स (युएई), चीन र अफगानिस्तान छन् ।

रग्बीका खेलहरू सेप्टेम्बर २४ तारिखदेखि शुरू हुनेछन् । विराट श्रेष्ठको कप्तानीमा रहेको नेपाली टोलीले त्यसै दिन आफ्नो समूह चरणको दुवै खेल खेल्नेछ । नेपालले पहिलो खेल फिलिपिन्स तथा दोस्रो खेल हङकङविरुद्ध खेल्नेछ । हाङ्झाव एशियाड सेप्टेम्बर २३ तारिखदेखि शुरू हुँदैछ ।

एशियाली खेलकूदमा नेपालले पहिलोपटक रग्बीमा सहभागिता जनाउन लागेको हो । नेपालको सहभागिता पुरुषमा मात्र रहेको छ । १२ सदस्यीय टोलीलाई श्रीलङ्काका सन विजेसिङ्केले प्रशिक्षण दिइरहेका छन् । नेपाली टोलीमा विराट श्रेष्ठ (कप्तान), विवेश वासु, विक्रम पुरी, विक्रम भारती, झुकेन्द्र राई, नवीन महर्जन, निरोज कार्की, पूजन फेवाली, सविन महत, श्रीराम श्रेष्ठ, सुजन कुमाल र यदु अधिकारी छन् ।

# सखुवाप्रसौनीमा अध्यक्ष र उपाध्यक्षबीचको विवाद चुलिंदै

प्रस, वीरगंज, ६ भदौ/

सखुवाप्रसौनी गाउँपालिकाका अध्यक्ष





यशवन्त यादव र उपाध्यक्ष शर्मिला महतो विष्टबीचको विवादका कारण गाउँसभा हुन सकेको छैन ।

दुवैबीचको विवाद अहिले छताछुल्ल भएको छ । आन्तरिक विवाद रहेको यो गापामा पछिल्लो समय अध्यक्ष र उपाध्यक्षबीचको विवाद सार्वजनिक हुन थालेको हो । दुवैले एकअर्कामाथि आरोप लगाइरहेका छन् । गापा उपाध्यक्ष विष्टले गापाका बोर्ड सदस्यहरूको बहुमत आफूसँग भएको दाबी गर्दै आएकी छन् । उनले अध्यक्ष यादवलाई गापाको बोर्ड बैठक बोलाउनका लागि बारम्बार भन्दै आएको र अहिले लिखित पत्रबाट पनि बोर्ड बैठक बोलाउन आग्रह गर्दा अध्यक्ष यादवले आलटाल गर्दै आएको उनको आरोप छ ।

गापाध्यक्ष यादवले गाउँसभा गर्नुपर्ने दायित्व पूरा नगरेको र त्यसको तयारी गर्नुपर्नेमा सोविपरीत विना कुनै विशेष कारण बोर्ड बैठक बोलाउन भनिएको बताए । तर उपाध्यक्ष विष्ट भने बोर्ड बैठक बोलाउनुको विशेष कारण भएको दाबी गर्छिन् । उनले अनावश्यकरूपमा कर्मचारी भर्ना गरिएको, जथाभावीरूपमा इन्धन खर्च भइरहेको, सङ्घ र प्रदेशका अनुदान रकम विकासमा कम र नेता तथा कर्मचारीमाथि बढी खर्च भइरहेकाले बोर्ड बैठक बोलाउन अध्यक्षसँग लिखित माग गरिएको तर अध्यक्षले आलटाल गर्दै आएको आरोप लगाइन् ।

अध्यक्ष यादवले भने उपाध्यक्षले उठान गरेको विषयमा अख्तियारले प्रमुख प्रशासकीय अधिकृत देवनाथ साहसँग जवाफ मागेकोले गाउँसभा आवश्यक भएको बताए । उनले अख्तियारले नै छानबीन गरिरहेको विषयमा बोर्ड बैठक डाक्न खोज्नुको साटो गाउँसभाका एजेन्डा प्रस्तुत गर्न सुझाए । उनले गाउँसभा डाक्दा सबै कुराको टुङ्गो लगाउन सकिने र नीति तथा कार्यक्रम, बजेटको पनि समस्या समाधान हुने तर्क प्रस्तुत गरे ।

सखुवाप्रसौनी गापामा छजना बोर्ड सदस्य छन्, जसमध्ये अहिले गापा उपाध्यक्ष विष्टतर्फ चारजना र अध्यक्षतर्फ दुईजना छन् । अहिले दुवैजना बोर्ड सदस्यहरूलाई प्रभावित पार्ने कार्यमा लागिपरेका छन् । अध्यक्ष यादवले आजभोलिमा आफ्नो पक्षमा बहुमत सदस्य हुने दाबी गर्छन् तर उपाध्यक्षले भने बहुमत सदस्यको हस्ताक्षर आफ्नो पक्षमा रहेको बताएकी छन् ।

# विद्युत् चुहावट गर्ने १२ जना पक्राउ

प्रमोद यादव, पंचगावाँ, ६ भदौ/

नेपाल विद्युत् प्राधिकरण पोखरिया वितरण केन्द्रले हुकिङ गरेर विद्युत् चोरी




गरेको कसूरमा १२ जनालाई पक्राउ गरेको केन्द्रका विद्युत् चुहावट नियन्त्रण इन्चार्ज सद्दाम हुसेनले बताए । इन्चार्ज हुसेनले सुरक्षाकर्मीसहितको टोलीले हिजो मङ्गलवार राति पर्सा जिल्लाको बहुदरमाई नपा र ठोरी गापाका विभिन्न वडाहरूमा छापामारी गरेको र १२ जनालाई हुकिङ गरेर विद्युत् चोरी गरेको कसूरमा पक्राउ गरिएको बताए ।

उनले बहुदरमाई नपाबाट हफिज मियाँ र ठोरी गापाबाट दीपु महतो, शरण सुनार, सुनील महतो, बिगा चौधरी, परमेश्वर चौधरी, पुरनासी महतो थारू, मधु महतो, मिथुन चौधरी, रामप्रसाद श्रेष्ठ, टेकबहादुर लामा र मानबहादुर लामा गरी १२ जनालाई पक्राउ गरिएको बताए । पक्राउ परेकाहरूबाट जरिवाना असुल गरेर आइन्दा चुहावट नगर्ने शर्तनामा गराएर छाडिने उनले बताए ।

# राजावादी चौबेको निधन

प्रस, वीरगंज, ६ भदौ/

पर्सा जिल्लाका राजावादी नेता राजकिशोर चौबेको निधन भएको छ ।



बुधवार बिहान उनको वीरगंजस्थित तराई अस्पतालमा निधन भएको देशभक्त राजभक्त समूहका अध्यक्ष दीपेन्द्र रौनियारले बताए । केही दिनअघि ज्वरो लागेर एडभान्स मेडिकेयर अस्पतालमा भर्ना भएका थिए । चिकित्सकले एक साता अस्पतालमा भर्ना हुन सल्लाह दिएको तर उनी दुई दिनमा आराम महसूस भएको भन्दै घर फर्केका थिए । अस्ति सोमवार खाना खाएपछि उनी ढलेका थिए । त्यसपछि तराई अस्पतालमा भर्ना भएका उनलाई आज काठमाडौं लैजाने तयारी गरिएको थियो तर बिहान उनको निधन भएको अध्यक्ष रौनियारले बताए । ६३ वर्षीय चौबे वीरगंज महानगर–२३ रामगढवा निवासी हुन् । शुरूदेखि राप्रपासँग आबद्ध चौबे पछिल्लो समयमा शिवसेना नेपाल, राजभक्त देशभक्त समूहसँग आबद्ध थिए ।

**विद्युतीय उपकरणको प्रयोगबाट बालबालिकामा पर्ने असर**

**विद्युतीय उपकरण (मोबाइल, ट्याब, ल्यापटप आदि) को अधिक प्रयोगले:**

- बालबालिकाको आँखाको ज्योति बिग्रने,
- दिमागमा असर पर्ने,
- समयमा नसुत्ने,
- खानपान तथा दिसापिसाबमा समेत ध्यान नदिने,
- एकान्तमा बस्न मन पराउने,
- झिज्याहट हुने,
- साथीहरूसँग घुलमिल नहुने,
- एकै स्थानमा बसिरहँदा रक्तसञ्चारमा प्रभाव पर्ने,
- बालबालिकामा अटिजम, शारीरिक तथा मानसिक अपाङ्गतासमेत हुन सक्ने भएकोले

**बालबालिकालाई विद्युतीय उपकरणको अधिक प्रयोग गर्न नदिऔं।**

नेपाल सरकार
विज्ञापन बोर्ड